# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक ८९ | काठमाडौं | सोमबार, ०५ साउन २०८२ | Prabhab National Daily | Monday, July 21, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



**कोरोनाबाट बच्ने उपाय**

- नियमित रूपमा साबुन पानीले हात धोऔं,
- संक्रमित वा शंकास्पद ब्यक्तिको सम्पर्कबाट टाढा रहौं,
- रूघाखोकी लागेका ब्यक्तिको नजिक वा सामुन्नेमा नबसौं,
- अनावश्यक रूपमा आँखा, मुख तथा नाकमा बारम्बार नछोऔं,
- भीडभाडमा नजाऔं र जानै परे मास्क लगाएर जाऔं,
- बारम्बार प्रयोगमा आउने सामाग्री फोन, कलम, चस्मा, रूमालको सरसफाइमा ध्यान दिऔं,
- खोक्दा वा हाच्छ्यु गर्दा पाखुराले वा रूमालले नाकमुख छोपौं,
- खोप अनिवार्य रूपमा लगाऔं,
- कोरोनाको लक्षण देखिएमा तुरून्त परीक्षण गराऔं र आइसोलेसनमा बसौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# आफ्नो खेमाका मन्त्री फिर्ता बोलाउने तयारीमा शेखर

- आइतबार बिहान अनुपम फुडल्याण्डमा आफूनिकट सांसदहरूसँग र मन्त्रीहरूसँग दिउँसो होटल याक एण्ड यतीमा छलफल

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली कांग्रेसका नेता डा. शेखर कोइरालाले आफ्नो खेमाका मन्त्रीहरू फिर्ता बोलाउने तयारी गरेका छन् । सत्ता समीकरण फेर्ने प्रयासमा लागेका नेता कोइरालाले पछिल्ला दिनमा भेटघाट तथा छलफलसमेत बढाएका छन् ।

बिहीबार प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाललाई भेटेका शेखरले शुक्रबार पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीसँग भेटेका थिए । लगत्तै आइतबार उनले आफूनिकट सांसद र मन्त्रीहरूसँग भेटेका छन् ।

आइतबार काठमाडौंको बत्तीसपुतलीस्थित अनुपम फुडल्याण्डमा आफूनिकट सांसदहरू भेलामा उनले सुझाव मागेका थिए । भेटमा मुलुकमा देखिएका बेथिति रोक्नुपर्ने सुझाव आफूले दिएको सांसद हृदयराम थानीले बताए । 'मुलुकमा देखिएको निराशा र आक्रोशबारे छलफल केन्द्रित थियो । बेथिति र निराशालाई रोक्नुपर्छ भनेर मैले सुझाव दिएँ,' थानीले भने । कूल ८८ सांसद रहेको कांग्रेसमा शेखर पक्षका २० जना मुस्किलले पुग्छ । आइतबारको भेटमा सात जनामात्र सांसद उपस्थित भएका एक सांसदले बताए ।

बैठकपछि शेखरनिकट सांसद डा. सुनिल शर्माले भने, 'हाम्रा जति पनि साथीहरू छन्, संघदेखि



> हाम्रा जति पनि साथीहरु छन् संघदेखि प्रदेश सरकारमा । फिर्ता बोलाउन भन्ने छ । यसका लागि एक–दुई दिन पनि लाग्न सक्छ ।
>
> ■ **डा. सुनिल शर्मा**
> सांसद, नेपाली कांग्रेस

प्रदेश सरकारमा । ब्याक बोलाउन भन्ने छ । यसका लागि एक दुई दिन पनि लाग्न सक्छ ।' शेखर प्रधानमन्त्री बन्न केहीले नरोक्ने शर्माको दाबी थियो । 'संसदीय दलमा सम्माजननक बहुमत पुग्छ । शेखर दाइ प्रधानमन्त्री बन्नुहुन्छ,' उनले भने ।

यद्यपि, यसमा नेकपा एमालेसँगको गठबन्धन 'ब्रेक' गर्ने कि नगर्ने र माओवादीले आफ्नो निर्णय दिइनसकेको शर्माको भनाइ थियो । सत्ता समीकरणकै रेसमा रहेका शेखरलाई माओवादी अध्यक्ष दाहाललेझैं अंकगणितको प्रश्न उठाएका थिए । माओवादी, एकीकृत समाजवादी र राष्ट्रिय स्वतन्त्र पार्टीले साथ दिएमा शेखरलाई कति सांसद चाहिन्छ त भन्ने हिसाबसमेत राजनीतिक वृत्तमा हुन थालेको छ ।

अहिले माओवादीसँग ३२ सांसद, रास्वपासँग १९, एकीकृत समाजवादीसँग नौ गरी ६० सांसद छन् । सरकार गठनका लागि १३७ सांसद आवश्यक हुन्छ । उपेन्द्र यादवको जनता समाजवादी पार्टी नेपालले साथ दिएमा पाँच सांसद जोड्दा ६५ जना पुग्छ । अब शेखरसँग कांग्रेसका कति सांसद छन् त ? मुस्किलले २० जना । मुस्किलले ९० सांसद पुऱ्याउँदा अब एमालेमा फर्केकी पूर्वराष्ट्रपतिले सघाएको अवस्थामा थप ५० सांसद चाहिन्छ ।

के भण्डारीको पक्षमा ५० सांसद पुग्ला त ? अहिलेका अवस्थामा सम्भव देखिँदैन । यसबारे थप छलफल गर्न कोइरालाले आफूनिकट मन्त्रीहरूलाई दरबारमार्ग डाकेका थिए । प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकारमा कांग्रेसबाट सहभागी १० मन्त्रीमध्ये तीन जना शेखर खेमाबाट भएका मन्त्री हुन् ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्री पाण्डे, युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरी र कृषिमन्त्री रामनाथ अधिकारी सहभागी बैठकमा पछिल्लो परिस्थितिबारे छलफल भएको बताइएको छ । शेखर समूहका नेताहरू भने स्वास्थ्यमन्त्री प्रदीप पौडेल पनि आफू पक्षबाटै मन्त्री भएको दाबी गर्छन् । पौडेल भने देउवा पक्षबाट मन्त्री बनेका हुन् ।

कृषिमन्त्री अधिकारीले भने भेटमा मन्त्री बोलाउने विषयमा कुनै कुराकानी नभएको बताए । 'सामान्य कुराकानी हो । बाहिर आएजस्तो केही हैन,' मन्त्री अधिकारीले भने ।

कांग्रेस संस्थापनइतरका नेता कोइराला पछिल्लोपटक कांग्रेस एमाले गठबन्धन सरकारसँग रुष्ट सुनिन्छन् । असार १६ गते केन्द्रीय समितिमा उनले कांग्रेस एमाले गठबन्धनको औचित्यबारे असन्तुष्टि जनाएका थिए ।


क्रमशः पृष्ठ २ मा

# 'कुलिङ पिरियड' गडबडीमा एमालेको भूमिका शंकास्पद


- कुलिङ पिरियड हटाउनुपर्ने भन्दै एमालेका राष्ट्रिय सभा सदस्यहरूले दर्ता गरे संशोधन प्रस्ताव
- संशोधन प्रस्तावसँगै कुलिङ पिरियडमा भएको अनधिकृत हेरफेरमा एमाले जिम्मेवार रहेको आशंका



> कुलिङ पिरियड तत्काललाई नराख्दा राम्रो हुन्छ । अवकाशपछि नियुक्तिहरूमा यति वर्ष कुर्नुपर्ने भन्ने ठीक होइन ।
>
> ■ **गोपाल भट्टराई**
> एमाले प्रमुख सचेतक, राष्ट्रिय सभा



> नेकपा एमालेका सांसदहरूले राष्ट्रिय सभामा संघीय निजामती विधेयकमा हालेको संशोधन आपत्तिजनक छ । गठबन्धनका दलबीच भएको सहमति र समितिमा भएको सर्वसम्मतिविपरीत यसरी आफ्ना सांसदहरूलाई संशोधन हाल्न लगाउनु एमालेको दोहोरो चरित्रमात्र नभई उसले देश, जनता, लोकतन्त्र र गठबन्धनलाई दिएको धोका हो ।
>
> ■ **डा. शेखर कोइराला**
> नेता, नेपाली कांग्रेस




■ जेबी योञ्जन

**काठमाडौं–** अनधिकृत हेरफेरले संघीय निजामती सेवा विधेयकमा 'कुलिङ पिरियड'को प्रावधान निस्प्रभावी बनाएपछि सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले निजामती सेवा विधेयक गत १८ असारमा राष्ट्रिय सभामा पेस गर्दै भने- राष्ट्रिय सभालाई प्रतिनिधिसभाको गल्ती सच्याउने आँट तथा हिम्मत मिलोस् ।

मन्त्री गुरुङले निजामती सेवामा सुधारका निम्ति कुलिङ पिरियडको व्यवस्था ल्याइएको तर दुर्घटना भएको बताएका थिए । तर, उनको दल एमालेका राष्ट्रिय सभा सदस्यहरू कुलिङ पिरियडमा भएको अनधिकृत हेरफेरलाई सच्याउने पक्षमा देखिएका छैनन् । प्रतिनिधिसभाबाट कुलिङ पिरियडबारे जे जस्तो प्रावधानसहित राष्ट्रिय सभामा आयो, त्यही पारित गर्नुपर्नेमा देखिएका छन् । त्यही भएर उनीहरूले कुलिङ पिरियड लागू गर्ने प्रावधान नराख्नेगरी ऐन बनाउनुपर्ने प्रस्ताव नै गरेका छन् ।

एमालेका राष्ट्रिय सभा सदस्य गोपाल भट्टराईले सरकारी कर्मचारीलाई अवकाशपछि तत्काल अन्य नियुक्तिमा रोक्नेगरी कुलिङ पिरियड लागू गर्ने विषय नराखौं भन्दै आफूसहित पाँच जना सांसदले संशोधन प्रस्ताव गरेको बताए । 'कुलिङ पिरियड तत्काललाई नराख्दा राम्रो हुन्छ । अवकाशपछि नियुक्तिहरूमा यति वर्ष कुर्नुपर्ने भन्ने त्यो ठीक होइन,' उनले प्रभावसँग भने ।

राष्ट्रिय सभामा एमालेबाट कुलिङ पिरियडको प्रावधान हटाउनुपर्ने भन्दै प्रस्ताव गर्ने सांसदहरू भट्टराईसहित इन्दिरादेवी गौतम, रक्मिणी कोइराला, सुमित्रा बिसी र सोनामग्याल्जेन शेर्पा हुन् । यसअघि प्रतिनिधिसभामा भने कतिपय एमाले सांसदले कुलिङ पिरियडमा षड्यन्त्र भएको भन्दै छानबिन गर्न माग गरेका थिए । एमाले उपमहासचिवसमेत रहेका सञ्चारमन्त्री गुरुङ नै कुलिङ पिरियडबारेको प्रावधानमा भएको हेरफेर सच्याउनुपर्ने बताउँथे । यद्यपि, राष्ट्रिय सभामा भने एमालेको बोली फेरियो ।

कुलिङ पिरियड हटाउनेबारे संशोधन प्रस्ताव नै दर्ता गरे । यसपछि कांग्रेस नेता डा. शेखर कोइरालाले गम्भीर आपत्ति जनाएका छन् । 'नेकपा एमालेका सांसदहरूले राष्ट्रिय सभामा संघीय निजामती विधेयकमा हालेको संशोधन आपत्तिजनक छ,' उनले मेटामा लेखेका छन्, 'गठबन्धनका दलबीच भएको सहमति र समितिमा भएको सर्वसम्मतिविपरीत यसरी आफ्ना सांसदहरूलाई संशोधन हाल्न लगाउनु एमालेको दोहोरो चरित्र मात्र नभई उसले देश, जनता, लोकतन्त्र र गठबन्धनलाई दिएको धोका हो ।'

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

# वैदेशिक रोजगारीमा जाने अदक्ष श्रमिकको अनुपात बढ्यो

- गत आर्थिक वर्षमा वैदेशिक रोजगारीमा गएकामध्ये २७.०९ प्रतिशत अदक्ष श्रमिक
- दक्ष श्रमिकको हिस्सा ७१.७८ प्रतिशतबाट घटेर ६०.३८ प्रतिशतमा झऱ्यो
- युएई, साउदी अरब, कतार, कुवेत र मलेसिया सबैभन्दा बढी श्रमिकको गन्तव्य बने

■ प्रभाव संवाददाता




**काठमाडौं–** गएको आर्थिक वर्षमा वैदेशिक रोजगारीमा जाने अदक्ष श्रमिकको अनुपात बढेको छ । गत आर्थिक वर्ष २०८१/८२ मा वैदेशिक रोजगारीमा गएकामध्ये २७.०९ प्रतिशत अदक्ष श्रमिक रहेका छन् । जबकि, अघिल्लो आर्थिक वर्ष २०८०/८१ मा यस्तो अनुपात १९.६३ प्रतिशत रहेको थियो ।

सरकारले वैदेशिक रोजगारीमा जाने श्रमिकलाई सीप सिकाएर पठाउने बताइरहँदा सीप नसिकी जानेहरूको संख्या घट्नुको साटो बढेको छ । वैदेशिक रोजगार विभागको तथ्यांकअनुसार गत आवमा वैदेशिक रोजगारीमा गएकामध्ये ६०.३८ प्रतिशत दक्ष श्रमिक रहेका छन् । आर्थिक वर्ष २०८०/८१ मा दक्ष श्रमिकको हिस्सा ७१.७८ प्रतिशत रहेकोमा गत आवमा यो अनुपात घटेको पाइएको हो ।

रोजगारीका लागि जाने अति दक्ष श्रमिकको अनुपात भने क्रमशः बढेको देखिन्छ । आव २०७९/८० मा ०.०३ प्रतिशतमात्र अति दक्ष श्रमिक रोजगारीमा गएका थिए । २०८०/८१ मा यस्तो अनुपात ०.०९ प्रतिशत र २०८१/८२ मा ०.११ प्रतिशत कायम भएको छ ।

रोजगारीमा जाने व्यावसायिक श्रमिकको संख्या पनि बर्सेनि बढ्दै गएको छ । गत आवमा ०.५२ प्रतिशत व्यावसायिक श्रमिक रोजगारीमा गएका छन् । २०८०/८१ मा ०.३७ प्रतिशत र २०७९/८० मा यो भन्दा कम ०.१४ प्रतिशतमात्र व्यावसायिक श्रमिक रहेका थिए । यसका साथै अर्धदक्ष श्रमिकको संख्या पनि बर्सेनि बढ्दै गएको देखिएको छ । आर्थिक वर्ष २०८१/८२ मा ११.८८ प्रतिशत, २०८०/८१ मा ८.११ प्रतिशत र २०७९/८०मा ७.८ प्रतिशत अर्धदक्ष श्रमिक रोजगारीका लागि विदेसिएका थिए ।

क्रमशः पृष्ठ २ मा

## व्यक्तिगत श्रम स्वीकृति लिएर जाने झापाबाट बढी

जिल्लागत तथ्यांक हेर्दा आव २०८१/८२ मा मा सबैभन्दा बढी धनुषाबाट ४४ हजार ७४४ जना, झापाबाट ३८ हजार ८००, सिरहाबाट ३४ हजार ८२६, मोरङबाट ३४ हजार ६७७ र महोत्तरीबाट ३० हजार ९८७ जना रोजगारीमा गएका छन् । यो संख्या व्यक्तिगत, संस्थागत, श्रम स्वीकृति नवीकरण र जिटुजीमार्फत जानेहरूको हो । यस अवधिमा मनाङ, मुस्ताङ, मुगु, डोल्पा र हुम्लाबाट भने सबैभन्दा कम रोजगारीमा गएका छन् ।

गत आवमा व्यक्तिगत श्रम स्वीकृति लिएर सबैभन्दा बढी झापाबाट पाँच हजार ७४६ जना, चितवनबाट पाँच हजार २५१, रूपन्देहीबाट चार हजार ८८८, मोरङबाट चार हजार ८०२ र बाग्लुङबाट चार हजार १८० जना गएका छन् । त्यस्तै जिटुजीमार्फत सबैभन्दा बढी झापाबाट ६९१, पाँचथरबाट ५२४, स्याङ्जाबाट ५०१, कैलालीबाट ४७८ र इलामबाट ४७१ जना गएका छन् । आव २०८०/८१ पनि जिटुजीमार्फत झापा, स्याङ्जा, पाँचथर, मोरङ र इलामबाट बढी युवाहरू गएका थिए । यसरी दक्षिण कोरिया र इजरायल जाने गरेका छन् ।




# शिक्षा समितिमा मिडिया काउन्सिल विधेयकमाथि छलफल

■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रतिनिधिसभाअन्तर्गतको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा आइतबार मिडिया काउन्सिल विधेयकमाथि सैद्धान्तिक छलफल भएको छ। सांसदहरूले विधेयक आवश्यक भएको भन्दै त्यसको औचित्य, आवश्यकता र स्वरूपबारे धारणा राखे।

सांसद देवेन्द्र पौडेलले गलत र भ्रामक समाचार बढिरहेको र यसले व्यक्तिगत चरित्रहत्याका घटना बढाइरहेको भन्दै यसमा नियमन गर्ने गरी मिडिया काउन्सिल आवश्यक रहेको बताए। उनले भने, 'अहिले 'फेक' समाचार सार्वजनिक भइरहेका छन्। यसलाई कसरी नियमन गर्ने भन्ने स्पष्ट व्यवस्था हुनुपर्छ। मिडिया काउन्सिल स्वायत्त र निष्पक्ष निकाय हुनुपर्छ। प्रतिस्पर्धाबाट स्वतन्त्र, निष्पक्ष र सक्षम व्यक्ति यसमा आउने सुनिश्चित गरिनुपर्छ।' पौडेलले नागरिकको सूचना प्राप्तिको अधिकारमा राज्यको कुनै प्रभाव हुनुहुँदैन भन्दै गलत सूचना प्रवाह गर्नेलाई कारबाही गर्ने स्पष्ट प्रणाली ल्याउनुपर्नेमा जोड दिए।

सांसद रेखा शर्माले संवैधानिक व्यवस्थाअनुसार पूर्ण प्रेस स्वतन्त्रता र पत्रकारिताको नाममा भइरहेका अराजकता गरी दुवै पक्षलाई गम्भीरतापूर्वक हेर्नुपर्ने धारणा राखिन्। अराजकतालाई रोक्छु भन्दै गर्दा पूर्ण प्रेस स्वतन्त्रता कुण्ठित हुन नदिनेबारे पनि सोच्नुपर्ने उनको भनाइ थियो। सांसद सुमना श्रेष्ठले मिडिया काउन्सिललाई पूर्ण स्वायत्त बनाउनुपर्ने र गठनमा समानुपातिक तथा समावेशी दृष्टिकोण राखेर जानुपर्ने सुझाव दिइन्।

सांसद विद्या भट्टराईले नागरिकले सही सूचना पाउने अधिकारलाई विधेयकको मूल आधार बनाउनुपर्ने बताइन्। उनले भनिन्, 'मिडियाले निष्पक्षता र पारदर्शिता कायम राख्नुपर्छ। यसविना लोकतन्त्र र पारदर्शिता सम्भव छैन। विधेयकले यसलाई पूर्णरूपमा सम्बोधन गर्नुपर्छ।' सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले विद्युतीय, अनलाइन र छापा पत्रकारितालाई मर्यादित, उत्तरदायी र विश्वसनीय बनाउन विधेयक आवश्यक रहेको बताए। 'हाल मिडिया क्षेत्रमा अराजकता देखिन्छ, त्यसलाई नियमन गर्न जरुरी छ। विधेयकको नाम 'आमसञ्चार परिषद्' राख्ने सहमति भएको छ। सुझावअनुसार यसलालाई पूर्णस्वायत्त बनाइने छ,' उनले भने।

सांसद दीपा शर्मा, सरिता भुसाल, प्रभु हजरा, डा चन्द्रकान्त भण्डारी, ज्ञानु बस्नेत सुवेदी, डा. कालुराम राईलगायतले विधेयकबारे आफ्ना धारणा राखेका थिए। पत्रकारिता क्षेत्रमा पेसागत तथा व्यावसायिक आचरण कायम राख्न तथा स्वनियमलाई पवर्द्धन गरी स्वच्छ, स्वतन्त्र र जवाफदेही पत्रकारिताको विकास तथा संरक्षणका लागि स्वायत्त नियामक निकायका रूपमा मिडिया काउन्सिलको स्थापना र सञ्चालन सम्बन्धमा नयाँ कानुनको मस्यौदा आवश्यक रहेको विधेयकमा भनिएको छ। यो विधेयक २०८१ वैशाख १२ मा राष्ट्रियसभामा दर्ता भएकामा सोही वर्ष माघ २८ मा पारित भई प्रतिनिधिसभामा आएको थियो।

## पृष्ठ १ बाट क्रमशः

### 'कुलिङ पिरियड'...

उनले एमाले सांसदहरूले हालेको उक्त संशोधन पास हुन दिन नहुने पनि बताएका छन्। यहीबीच कुलिङ पिरियड हटाउनुपर्ने भन्दै संशोधन प्रस्ताव एमाले सांसदहरूले दर्ता गरेपछि प्रतिनिधिसभाबाट पारित विवादित निजामती विधेयकमा उक्त प्रावधानलाई कमजोर बनाउने खेलमा एमाले जिम्मेवार रहेको आशंका गरिएको छ।

राज्य व्यवस्था समिति सभापति रामहरि खतिवडाले पनि एमालेतिर संकेत गर्दै यसअघि सामान्य प्रशासन मन्त्रालय पुगेपछि कुलिङ पिरियडको प्रावधानमा हेरफेर भएको दाबी गरेका थिए। उक्त मन्त्रालय एमालेले सम्हालेको छ। यसअघि घुस प्रकरणमा मुछिएका एमाले सांसद राजकुमार गुप्ता मन्त्री थिए भने उनको राजीनामापछि एमालेकै भगवती न्यौपाने मन्त्री बनेकी छिन्।

आइतबार संशोधन प्रस्ताव नै अघि बढाएपछि कुलिङ पिरियडको प्रावधानलाई कमजोर बनाउन एमाले जिम्मेवार रहेको ठान्न सकिने छ। कुलिङ पिरियड सरकारी कर्मचारीले अवकाशपछि कति समयसम्म अर्को नियुक्ति नलिने भन्ने व्यवस्था हो। प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिबाट पारित विधेयकमा नेपाल सरकारको सचिव र सहसचिवबाट अवकाश लिएको मितिले दुई वर्षसम्म सरकारकै पूर्वस्वीकृति नलिई संवैधानिक, कूटनीतिक वा अन्य नियुक्ति लिन नपाउने प्रावधान छ। तर, यही प्रावधानलाई खण्डित गर्ने भाषासमेत विधेयकमा परेको भनेर प्रश्न उठेपछि प्रतिनिधिसभामा संसदीय विशेष छानबिन समिति नै बनेको छ।

नेपाली कांग्रेसका सांसद जीवन परियारको सभापतित्वमा गठित छानबिन समितिले अध्ययन गरिरहेको छ। समितिमा कांग्रेस सचेतक रहेकी सांसद सुशीला थिङ, एमाले सांसदहरू ईश्वरी घर्ती र नारायणप्रसाद आचार्य, माओवादीबाट माधवप्रसाद सापकोटा, रास्वपाबाट गणेश पराजुली र राप्रपाबाट रोशन कार्की सदस्य छिन्। समितिलाई छानबिन गरी प्रतिवेदन बुझाउने समयसीमा २१ दिनको छ।

समितिको पहिलो कार्यदेशमा छ, 'संघीय निजामती सेवा विधेयक, २०८० को सम्बन्धमा राज्य व्यवस्था तथा सुशासन समितिबाट सभामा पेस भएको प्रतिवेदनमा मूल विधेयकको दफा ८२ मा उपदफा (४) थपिएकोमा उपदफा (५) मा रहेको व्यवस्थाले गर्दा कानुनी तादम्य नदेखिएको हुँदा के कति कारणले यस्तो हुन गएको हो सो सम्बन्धमा छानबिन गर्ने।'

यहीबेला राष्ट्रिय सभामा निजामती विधेयकलाई छलफल प्रक्रियामा अघि बढाइएको छ। त्यसका लागि अध्यक्ष नारायण दाहालले सदस्यहरूलाई विधेयकमाथि संशोधन प्रस्ताव राख्न ७२ घण्टाको समय दिएका छन्। यस अवधिमा १६ समूहमा ४३ सांसदको संशोधन परेको संसद् सचिवालयले जनाएको छ।

■■■

### आफ्नो खेमाका...

संविधान संशोधन र सुशासनको पक्षमा काम एक भएका यो गठबन्धनले केही काम गर्न नसकेको शेखरको भनाइ थियो। 'के कारणले कांग्रेसले एमालेलाई सत्ताको नेतृत्व दियो ? यदि संविधान संशोधनका लागि यो सत्ता गठबन्धन हो भने सातबुँदे सहमतिमा लेखिएको संविधान संशोधनको मुद्दा कहाँ पुग्यो ?,' शेखरले सभापति देउवालाई प्रश्न गरेका थिए।

देउवाले भने राष्ट्रिय सभामा बहुमत नभएकोले संविधान संशोधन हुन नसकेको भन्दै झारा टारेका थिए। झण्डै दुईतिहाइको शक्तिशाली सरकारले जनताको पक्षमा काम गर्न नसकेको भन्दै चौतर्फी आलोचना बढेको समयमा शेखरको सक्रियतालाई धेरैले चासोका साथ हेरेका छन्। पछिल्लो परिस्थिति र आफूले चाल्नुपर्ने कदमबारे शेखरले अझै छलफल अघि बढाउने उनको सचिवालयले जनायो। उनले सानो-सानो समूह बनाएर भेट जारी राख्ने उनका स्वकीय सचिव दिनेशचन्द्र थपलियाले बताए। 'सानो-सानो समूह बनाएर भेटिरहनु भएको छ। यो क्रम जारी रहन्छ,' कोइरालाका स्वकीय सचिव दिनेशचन्द्र थपलियाले भने।

■■■

### वैदेशिक रोजगारीमा...

गत आवमा नेपालीहरू वैधानिक माध्यमबाट १५१ मुलुकमा रोजगारीमा गएका छन्। युएई, साउदी अरब, कतार, कुवेत र मलेसियामा सबैभन्दा बढी श्रमिक जाँदा १२ वटा मुलुकमा एक जनामात्र श्रमिक गएका छन्। ४६ वटा मुलुकमा १० जनाभन्दा कम श्रमिक गएका छन्। गत एक वर्षमा म्यानपावर व्यवसायीले विभिन्न १८ वटा मुलुकमा श्रमिक पठाएका छन्। व्यक्तिगत श्रम स्वीकृति लिएर भने १४६ वटा मुलुकमा गएका छन्। उक्त अवधिमा १०० भन्दा बढी श्रमिक पठाउने म्यानपावरको संख्या ६३३ रहेको छ। ५३ वटा म्यानपावरले भने १० जनाभन्दा कम श्रमिक पठाएका छन्।

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**पहिलो पटक प्रकाशित मितिः २०८२/०४/०५**

**एडमायरेबल सप्लाई कम्पनी प्रा. लि.** को मिति २०८२/०३/२१ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **एडमायरेबल कन्स्ट्रक्सन एण्ड सप्लाई कम्पनी प्रा. लि. (प्रा. लि. नं. २६४९८१)** कायम गर्ने गरी मिति २०८२/०३/२५ गते श्री कम्पनी रजिष्ट्रार को कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबै को जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

### कम्पनीको गाभिने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८२/०४/०५**

यस गाभ्ने/गाभिने कम्पनीहरूको मिति २०८२/०२/०५ गते सम्पन्न संयुक्त मर्जर समितिको निर्णयद्वारा पारित प्रस्ताव बमोजिम दर्ता नं. १३५०१९ को **हाईटेक्स कार्पेट प्रा.लि.** मा दर्ता नं. १९६९६० को **हाईटेक्स सिन्थेटिक्स प्रा.लि.** लाई गाभ्ने निर्णय गरेकोमा गाभिने कम्पनीको सम्पूर्ण सम्पत्ति र दायित्व हालको कम्पनीले व्यहोर्ने सकार्ने गरी मिति २०८२/०४/०२ को निर्णयानुसार **हाईटेक्स सिन्थेटिक्स प्रा.लि.** लाई **हाईटेक्स कार्पेट प्रा.लि.** मा कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ।

### बोलपत्रद्वारा वनपैदावार लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित सूचना मिति २०८२।०४।०५**

यस सितादेवी सामुदायिक वन उपभोक्ता समूह मनहरी, ६ मकवानपुरले आ.व. २०८१।८२ मा स्वीकृत वन कार्ययोजनामा व्यवस्था भए अनुसार ढलापाडा रूखहरूबाट संकलन भएको काठ/दाउरा उपभोक्तालाई बिक्री गरी बाँकी रहेको साल चिरान थान २६१ को ४०६.२४ क्यू.फि. लाई गोलियामा परिणत गर्दा ५६८.७४ काठ बोलपत्र मार्फत लिलाम बिक्री गर्नुपर्ने भएको हुदाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफनै खर्चमा उठाई लैजान यो सूचना प्रकाशित गरिएको छ। वन नियमावली २०७९ को नियम १२८ अनुसार सूचीकृत भएको इच्छुक काष्ठ उधोगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन खरिद गरि २२ औं दिन दिनको १२ वजे भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। बिस्तृत जानकारीको लागी यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ।

**श्री सितादेवी सामुदायिक वन उपभोक्ता समूह मनहरी ६ मकवानपुर**


**युएइमा रोजगार** कम्पनी : FAWAD HASSAN TECHNICAL SERVICES CO. LLC

पूर्व स्वीकृति मिति : २०८२/०४/०४ LT. No. 327395 चलानी नं. ६०२४११८७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 6 | 0 | 1000 | ३७,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Steel Fixer | 4 | 0 | 1200 | ४४,९८० | | | | | | | |
| 3 | Tile Layer | 8 | 0 | 1200 | ४४,९८० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ साउन १२ गते (28th July 2025) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

श्रम इजाजत नं. ६१९/०६३/०६४
Nasser Outsourcing Consultants Pvt. Ltd.
Ratopool-9, Kathmandu, Nepal, Tel: +977-1-4465090 (6 Line), Email: nocnepal@nassers.org

**युएइमा रोजगार** कम्पनी : GOOD WORKS TECHNICAL SERVICES CO. LLC S.O.C

पूर्व स्वीकृति मिति : २०८२/०४/०४ LT. No. 327364 चलानी नं. ६०२४१२०३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Steal Fixer | 10 | 0 | 1200 | ४४,९८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ साउन १२ गते (28th July 2025) मा हुनेछ।

SUN RAY GLOBAL OVERSEAS PVT. LTD.
Kathmandu-9, Sinamangal. Tel: +977-1-4560974, 4564202, Email: sunray918@gmail.com, srgoverseas@gmail.com
LIC No. 918/067/68

**साउदीमा रोजगार** कम्पनी : AL IMMAR AL JADEED CONTRACTING EST.

LT. No. 327356

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. |
|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER | 3 | 0 | 1800 | ६६,०६५ |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ साउन ११ गते (27th July 2025) मा हुनेछ।

NABIL OVERSEAS PVT. LTD.
Old Baneshwor Ktm, Nepal, Tel: +977-1-4479617/4472474, Fax: +977-1-4466023

**साउदीमा रोजगार** कम्पनी : COMPANY VERTECO UKSTERM

LT. No. 327257

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. |
|---|---|---|---|---|---|
| 1 | Building Roof Cleaner | 40 | 0 | 1000 | ३६,७०५ |
| 2 | Office and Facility Cleaning Worker | 2 | 0 | 1000 | ३६,७०५ |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ साउन १२ गते (28th July 2025) मा हुनेछ।

G.R. Manpower Service Pvt. Ltd.
Samakhusi- 26, Kathmandu, Nepal. Tel : +977-1-4355695 E-mail: grmanpower861@gmail.com

**युएइमा रोजगार** कम्पनी : ABUALNAGA RECRUITMENT L.L.C

LT. No. 326991

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. |
|---|---|---|---|---|---|
| 1 | Construction Labourers | 100 | 0 | 800 | २९,९८५ |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ साउन १२ गते (28th July 2025) मा हुनेछ।

DEEP JYOTI MANPOWER SERVICE PVT. LTD.
Sinamangal-9, Kathmandu, Nepal, Tel: +977-1-4590678, 4592910,
Mob: 970-9094570, 9808248185, E-mail : deepjyotimanpowerservice@gmail.com, Web: deepjyotimanpower.com.np

**कुवेतमा रोजगार** कम्पनी : GLAMOURS LAB

LT. No. 290888

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. |
|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 3 | 130 | ५८,५५५ |
| 2 | Hair Stylist | 0 | 3 | 130 | ५८,५५५ |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ साउन १२ गते (28th July 2025) मा हुनेछ।

Govt. License No. 1613/079/080
EXPRESS RECRUITER NEPAL PVT. LTD
Dhumbarahi-4, Kathmandu, Nepal, Ph. No: +977-01-5916897,5917897, E-mail : expressrecruiternepal.com, expressrecruiter.nepal@gmail.com


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

**सोमबार, ०५ साउन, २०८२**

| | |
|---|---|
| **मेष** | नोकरीमा पद प्राप्ति हुनेछ। |
| **वृष** | मिहिनेत गर्दा राम्रै अवसर पाइनेछ। |
| **मिथुन** | अप्ठ्यारा परिस्थितिलाई सामना गर्नु पर्नेछ। |
| **कर्कट** | रमाइलो यात्रा, मनोरञ्जन प्राप्त हुनेछ। |
| **सिंह** | काम बन्नाले जोस जाँगर बढ्नेछ। |
| **कन्या** | रोकिएका कम बन्ने नयाँ योजना। |
| **तुला** | हडबडीले कमहरु बिग्रन सक्नेछन्। |
| **वृश्चिक** | साताको प्रारम्भ उत्साहजनक हुनेछ। |
| **धनु** | महगा सामानतर्फ ध्यान जानेछ। |
| **मकर** | खानपान र पहिरनमा खर्च हुनेछ। |
| **कुम्भ** | खर्च बढ्नाले अभाव देखिन सक्छ। |
| **मीन** | व्यापार बढ्नाले राम्रै आम्दानि हुनेछ। |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६२६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालयरशववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस एम्बुलेन्सररक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

**०५ साउन , २०८२ (२१ जुलाई, २०२५)**

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १३७.५४ | १३८.१४ |
| युरो | १ को | १६०.१३ | १६०.८३ |
| पाउन्ड स्टिर्लङ | १ को | १८५.०५ | १८५.८५ |
| स्विस फ्रैन्क | १ को | १७१.६१ | १७२.३६ |
| अस्ट्रेलियन डलर | १ को | ८९.७१ | ९०.१० |
| क्यानाडियन डलर | १ को | १००.२३ | १००.६७ |
| सिङ्गापुर डलर | १ को | १०७.१८ | १०७.६४ |
| जापानी येन | १० को | ९.२६ | ९.३० |
| चिनियाँ युआन | १ को | १९.१६ | १९.२५ |
| साउदी अरब रियाल | १ को | ३६.६७ | ३६.८३ |
| कतारी रियाल | १ को | ३७.७३ | ३७.९० |
| थाई भाट | ख १ को | ४.२५ | ४.२७ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३७.४५ | ३७.६१ |
| मलेसियन रिङेट | १ को | ३२.४२ | ३२.५६ |
| दक्षिण कोरियन वन | १०० को | ९.८९ | ९.९४ |
| स्विडिस क्रोनर | १ को | १४.२३ | १४.२९ |
| डेनिस क्रोनर | १ को | २१.४६ | २१.५५ |
| हङकङ डलर | १ को | १७.५२ | १७.६० |
| कुवेती दिनार | १ को | ४५०.१५ | ४५२.१२ |
| बहराइन दिनार | १ को | ३६४.८० | ३६६.३९ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ। वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ। अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ।

# मानवअधिकारको आवधिक समीक्षा प्रतिवेदन पेस गर्न निर्देश




**काठमाडौं (प्रस)–** कानुन, न्याय तथा मानवअधिकार समितिले संयुक्त राष्ट्रसंघको मानवअधिकार परिषद्मा पेस गरिने नेपालको मानवअधिकार अवस्थासहितको विश्वव्यापी आवधिक समीक्षा प्रतिवेदन तयार गरी समिति र सम्बन्धित निकायमा पेस गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयलाई निर्देश गरेको छ ।

समितिको आइतबारको बैठकमा सभापति विमला सुवेदीले सन् २०२६ जनवरीमा स्विट्जरल्यान्डको जेनेभामा हुने सम्मेलन अघि नै सम्बन्धित निकायमा पेस गर्नुपर्ने समयसीमा रहेकाले निर्धारित समयमा प्रतिवेदन तयार गरी पेस गर्न निर्देश गरिएको जानकारी दिइन् ।

उनले भनिन्, 'समितिमा भएको छलफल र सदस्यहरूले दिनुभएको सुझावका आधारमा सरकारलाई सहजीकरण गर्न सहज होस् भन्ने उद्देश्यले उक्त निर्देश गरिएको हो । पहिलोदेखि तेस्रो आवधिक समीक्षामा गरिएका प्रतिबद्धता र कार्यान्वयनका लागि स्वीकार गरिएका सिफारिसबारे समयसीमासहितको राष्ट्रिय कार्ययोजना निर्माण गरी नतिजामूलक कार्यान्वयन गर्न निर्देश गरिएको छ ।'

मानवअधिकारसम्बन्धी तेस्रो विश्वव्यापी आवधिक समीक्षा कार्यान्वयन र चौथोको तयारी अवस्थाबारे प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग समितिले आइतबार छलफल गरेको हो । आर्थिक कूटनीतिमार्फत विश्वव्यापी आवधिक समीक्षा कोषमा पहुँच पुऱ्याउन र अन्तर ष्ट्रिय सहयोगका लागि आवश्यक प्रबन्ध गर्न मानवअधिकार कार्यान्वयको सन्दर्भमा नतिजामा आधारित अनुगमन प्रणालीको व्यवस्था मिलाउन पनि समितिले निर्देश गरेको छ ।

यसअघि बैठकमा सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले धेरै मौलिक अधिकार समावेश भएको आधुनिक संविधान जारी गर्ने लोकतान्त्रिक मुलुक हुनुका नाताले नेपालले मानवअधिकारका विषयमा महत्त्वपूर्ण प्रतिबद्धता गर्दै आएको बताए । उनले भने, 'कानुन निर्माणपछि कार्यान्वयनका लागि राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयले बजेट बनाउँछ, त्यसमा समुचित ध्यान दिन जरूरी छ । कतिपय अवस्थामा कार्यक्रम छ, बजेटको अभावमा बनाइएका कानुन र संरचना कार्यान्वयन हुनसकेका छैनन् ।'

बनाइएका कानुन र गरिएका प्रतिबद्धता कार्यान्वयन गर्न सरकार प्रतिबद्ध रहेको जनाउँदै मन्त्री गुरुङले विगतको द्वन्द्वका अवशेषलाई छिटो अन्त्य गरी न्यायपूर्ण समाज निर्माणका लागि सरकारको गम्भीर ध्यानाकर्षण भएको बताए । नेपालको सबै घरपरिवारमा प्रविधिको प्रयोग र इन्टरनेटको पहुँच पुऱ्याउने कार्यलाई सरकारले उच्च प्राथमिकता दिएको बताउँदै उनले नवीनतम् प्रविधिको प्रयोगमा भइरहेका दुरूपयोगलाई नियमन गर्न मात्र खोजिएको स्पष्ट पारे ।

'पछिल्लो समय 'साइबर 'सम्बन्धी अपराधबाट धेरै मानिस पीडित भएका छन् । अघिल्लो वर्ष करिब २० हजारको संख्यामा यससम्बन्धी विषयमा प्रहरीमा उजुरी परेका थिए । त्यो संख्या निरन्तर बढ्दो क्रममा छ । त्यस कारण प्रविधिको दुरूपयोगलाई नियन्त्रण गर्न आवश्यक छ,' मन्त्री गुरुङको भनाइ थियो ।

बैठकमा कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अजयकुमार चौरसियाले संविधानले स्वीकार गरेका सबै प्रकारका असमानता र भेदभावको अन्त्य गर्ने र सबैका लागि मानवअधिकारको अवस्था सिर्जना गर्न धेरै कानुन निर्माण भएको र केही तर्जुमाको चरणमा रहेको जानकारी दिए । उनले भने, 'नेपालको स्वतन्त्र न्यायपालिका सक्षमताका हिसाबले पनि दक्षिण एसियाकै उत्कृष्ट छ । चुनौतीपूर्ण अवस्थामा पनि न्यायपालिकाले सक्षमता र तटस्थता देखाएको अवगत नै छ । कानुन कार्यन्वयनको विषयमा सबै सचेत छौं । मानवअधिकारसम्बन्धी प्रतिवेदन निर्माण र विगतका सिफारिस कार्यान्वयनमा सरोकार भएका निकायसँग समन्वय हुने छ ।'

# उपनिर्वाचनको कार्यतालिका सार्वजनिक

■ प्रभाव संवाददाता

**काठमाडौं–** निर्वाचन आयोगले रूपन्देही प्रतिनिधिसभा निर्वाचन क्षेत्र नं ३ मा आगामी कात्तिक १७ गते हुने उपनिर्वाचनको निर्वाचन कार्यक्रम स्वीकृत गरेको छ ।

आयोगकी सहसचिव एवं प्रवक्ता नीता पोखरेल अर्यालले कार्यक्रमअनुसार असोज २४ गते उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गरिने, असोज २१ गते बिहान १०:०० देखि बेलुका ५:०० बजेसम्म निर्वाचन अधिकृतको कार्यालयमा उम्मेदवारको मनोनयन दर्ता हुने बताइन् । सोही दिन बेलुका ५:०० देखि ७:०० बजेसम्म उम्मेदवारको सूची प्रकाशन हुने छ भने असोज २२ गते बिहान १० देखि दिउँसो ३:०० बजेसम्म उम्मेदवारको विरोधमा उजुरी दिन सकिने छ ।

सोही दिन दिउँसो ३:०० देखि असोज २३ गते बेलुका ५:०० बजेसम्ममा मनोनयनपत्र र उजुरीउपर जाँचबुझ एवं निर्णय गरी ७:०० बजेसम्म निर्वाचन अधिकृतको कार्यालयमा उम्मेदवारको नामावली प्रकाशन गरिने छ ।

यस्तै, असोज २४ गते बिहान १०:०० देखि दिउँसो १:०० बजेसम्म उम्मेदवारको नाम फिर्ता लिन सकिने छ । सोही दिन दिउँसो ३:०० बजेसम्ममा निर्वाचन अधिकृतको कार्यालयमा उम्मेदवारको अन्तिम नामावली प्रकाशन हुनेछ । प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचन, २०७९ को समानुपातिक निर्वाचन प्रणालीतर्फ बन्दसूचीमा नाम समावेश भएको व्यक्तिले भने उम्मेदवार हुन नपाउने कानुनी व्यवस्था रहेको आयोगले जनाएको छ ।

# साउने सोमबार पशुपतिनाथ दर्शनमा आउनेलाई निःशुल्क यातायात सेवा

**काठमाडौं (प्रस)–** यस वर्षको साउने सोमबारका दिन पशुपतिनाथ दर्शनमा आउनेले निःशुल्क यातायात सुविधा पाउने भएका छन् । धार्मिक, सांस्कृतिक पत्रकार समाज, नेपाल (रेक्जोन) का नवनिर्वाचित पदाधिकारी एवं कार्यसमिति सदस्यहरूसँग आइतबार यहाँ भएको अन्तरक्रियामा पशुपति क्षेत्र विकास कोषका सदस्यसचिव सुवासचन्द्र जोशीले निःशुल्क बस सेवा दिइने बताएका हुन् । धर्म, संस्कृतिसँग सम्बन्धित संस्था र यातायात व्यवसायीको सहयोगमा साउन ५ गते पहिलो सोमबारदेखि यस्तो सुविधा दिन लागिएको उनले जानकारी दिए ।

सोमबारदेखि चारवटा सार्वजनिक बसले चक्रपथ घुमेर पशुपतिनाथ आउने दर्शनार्थीलाई निःशुल्क सेवा दिने छन् । यसमध्ये दुईवटा बस गीता प्रेसको नेपालस्थित बुक डिपोले व्यवस्था गरेको र दुईवटा बस यातायात व्यवसायी उच्च राष्ट्रिय महासंघले गरेको सदस्यसचिव जोशीले बताए ।

'पशुपतिनाथ दर्शनमा आउने भक्तजनका लागि निःशुल्क बस सेवा दिइएको यो पहिलोपटक हो । बिहान ४:०० बजेदेखि नै भक्तजनलाई निःशुल्क बस सेवा दिइने छ । साउने सोमबारका अवसरमा साउन ५ गते सोमबार बिहान ३:०० बजेदेखि नै पशुपतिनाथका चारै ढोका खोलिने छन्,' उनले भने ।

मूल मन्दिरमा भीड नहुने गरी कोषले यस वर्षको साउने सोमबारको दर्शनको व्यवस्था मिलाइने जनाएको छ । भक्तजनलाई लाइनमा बसेको एक घण्टामा दर्शन गरेर फर्कन सक्नेगरी व्यवस्था मिलाइएको कोषले जनाएको छ । नेपाली सेनाको कल्याणकारी कोषले घामपानीबाट बच्न मूल मन्दिर बाहिरको भागमा 'टेण्ट' राख्ने छ ।

साउने सोमबारको सुव्यवस्थाका लागि कोषले सञ्चालक परिषद् सदस्यलाई पनि बिहान ३:०० बजेदेखि नै परिचालन गर्ने छ । त्यस अवसरमा कोषले पशुपतिनाथ मन्दिरमा सात हजार ५०० रूपैयाँभन्दा माथिका मात्र विशेष पूजा गर्ने जनाएको छ ।

साउने सोमबारका अवसरमा पशुपति क्षेत्रमा निःशुल्क स्वास्थ्य शिविर, पानी एवं प्रसाद वितरणको व्यवस्था मिलाइएको छ । यहाँ सुरक्षाका लागि प्रहरी वृत्त गौशालालाई जिम्मा दिइएको छ । छलफलमा समाजका अध्यक्ष पूर्णप्रसाद मिश्रले साउने सोमबारलगायत ठूला पर्वमा पशुपति क्षेत्रमा समाचार संकलनका लागि आउने पत्रकारलाई सहजरूपमा सूचना दिने र पशुपति क्षेत्रमा 'मिडिया सेण्टर' को व्यवस्था गर्न माग गरेका थिए ।


## युएइमा रोजगार

कम्पनी : ALMEZIN GENERAL CONTRACTING L.L.C.

पूर्व स्वीकृति मिति : २०८२/०३/०८ | LT. No. 327378 | चलानी नं. ६०२४११९०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Block Mason | 15 | 0 | 1200 | ४४,९८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Carpenter | 40 | 0 | 1200 | ४४,९८० | | | | | | | |
| 3 | Electrician | 50 | 0 | 1200 | ४४,९८० | | | | | | | |
| 4 | Labour | 15 | 0 | 800 | २९,९८५ | | | | | | | |
| 5 | Plumber | 30 | 0 | 1200 | ४४,९८० | | | | | | | |
| 6 | Steel Fixer | 20 | 0 | 1200 | ४४,९८० | | | | | | | |
| 7 | Tile Mason | 30 | 0 | 1200 | ४४,९८० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन १२ गते (28th July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ४४९/०६०/६१

QUALITY INTERNATIONAL OVERSEAS CONSULTANCY CO.(P) LTD.
Sinamangal-9, Kathmandu, Nepal, Contact: +977-1-5906456, Mob: 9840326085, 9818058497, 9843932579, 9705706879, 9808205235, 9845127720, 9804461405, 9745382449, 970-6732919, 982-2959770, 9825849205,
Email : qualityintloverseas@gmail.com, Web: www.qualityintloverseas.com

## युएइमा रोजगार

कम्पनी : K L R TECHNICAL SERVICES LLC

पूर्व स्वीकृति मिति : २०८२/०४/०२ | LT. No. 326384 | चलानी नं. ६०२४११८१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Mason, Bricks | 2 | 0 | 1200 | ४४,९७९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | ASSISTANT TILE LAYER | 3 | 0 | 1200 | ४४,९७९ | | | | | | | |
| 3 | Brick Layer | 3 | 0 | 1200 | ४४,९७९ | | | | | | | |
| 4 | BRICK MASONS | 3 | 0 | 1200 | ४४,९७९ | | | | | | | |
| 5 | Carpenter | 3 | 0 | 1200 | ४४,९७९ | | | | | | | |
| 6 | Cleaners (Male) | 3 | 0 | 1200 | ४४,९७९ | | | | | | | |
| 7 | Painter | 3 | 0 | 1200 | ४४,९७९ | | | | | | | |
| 8 | Painter Assistant | 3 | 0 | 1200 | ४४,९७९ | | | | | | | |
| 9 | Steal Fixer | 3 | 0 | 1200 | ४४,९७९ | | | | | | | |
| 10 | Stone Mason | 3 | 0 | 1200 | ४४,९७९ | | | | | | | |
| 11 | Tile Layer | 3 | 0 | 1200 | ४४,९७९ | | | | | | | |
| 12 | WELDER | 3 | 0 | 1200 | ४४,९७९ | | | | | | | |
| 13 | WELDER/ASSISTANT WELDER | 3 | 0 | 1200 | ४४,९७९ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन १२ गते (28th July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

CENTRAL CAPITAL SERVICES PVT.LTD. श्रम ईजाजत नं. ५७४/०६२/०६३
P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492
E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com

## साउदीमा रोजगार

कम्पनी : China Energy Engineering Group Guangdong Power Engineering Company Limited

पूर्व स्वीकृति मिति : २०८१/१२/०४ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०४/०४ | LT. No. 320565 | चलानी नं.६०२३४७४८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LOAD & UNLOAD WORKER | 1 | 0 | 1200 | ४४,०८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : China Energy Engineering Group Guangdong Power Engineering Company Limited

पूर्व स्वीकृति मिति : २०८२/०१/०५ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०४/०४ | LT. No. 322195 | चलानी नं.६०२३६२३५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LOAD & UNLOAD WORKER | 1 | 0 | 1200 | ४४,०८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : China Energy Engineering Group Guangdong Power Engineering Company Limited

पूर्व स्वीकृति मिति : २०८१/०९/१९ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०४/०४ | LT. No. 316629 | चलानी नं.६०२३०८३२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Load & Unloading Workers | 1 | 0 | 1200 | ४४,०८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन १२ गते (28th July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

FRONTLINE RECRUITMENT PVT.LTD.
Sinamangal-9, Kathmandu, Nepal, Telephone: 01-4593645, 4593646, 4593647, Email: info@manpoweragencynepal.com


## धितोमा रहेको चल अचल सम्पत्ति लिलाम डाँक बढाबढद्वारा लिलाम बिक्री गरिने बारेको सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति: २०८२/०४/०५)

तपसील बमोजिमका कर्जा ग्राहकहरुले यस बैंकबाट देहाय बमोजिम कर्जा/सुविधाहरुको बैंकलाई बुझाउनु पर्ने साँवा, व्याज, हर्जाना तथा अन्य लेना रकम बुझाउन पटक-पटक मौखिक तथा लिखित रुपमा तर ताकेता, कर्जा बुझाउने बारे २१(एक्काईस) दिने सूचना र धितो लिलाम बिक्री हुने बारेको ३५(पैंतीस) दिने सार्वजनिक सूचना मिति २०८०/०९/०६ (क्र.सं. ०१ को), मिति २०८१/६/२१ (क्र.सं. ०२ र ०३ को) र २०८२/०१/३१ (दुई वटै ग्राहकको) मा प्रकाशन गर्दा समेत कर्जा भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकाले यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र बैंकको सम्पूर्ण लेना रकम चुक्ता गर्नुहुन कर्जा ग्राहक, धितो सुरक्षण मन्जुरीनामादिने, जमानत दिनुहुने व्यक्ति/संस्थालाई यो सार्वजनिक सूचना जारी गरीएको छ । उल्लेखित १५(पन्ध्र) दिन भित्र कर्जा चुक्ता नगरेमा बैंकलाई लेखिदिएको चल अचल सम्पत्ति/परियोजना बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ र यस बैंकको प्रचलित कर्जा असुली कार्यबिधि अनुसार देहाय बमोजिमको मितिमा धितो लिलाम डाँक बढाबढ गरिने हुँदा ईच्छुक व्यक्ति/संस्था तथा सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । साथै, उपरोक्त अनुसार डाँक बढाबढद्वारा धितो लिलाम बिक्री हुन नसकेमा धितो सुरक्षणमा रहेको चल अचल सम्पत्ति बैंक आफैले सकार गरिलिन सक्ने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपसील:**

धितो लिलाम बिक्री हुने मिति: २०८२ साल साउन महिना १९ गते
सम्बन्धित कार्यालय: कृषि विकास बैंक शाखा कार्यालय धुलावारी ।
लिलाम हुने कार्यालय/स्थान: कृषि विकास बैंक शाखा कार्यालय भद्रपुर झापा ।

ग्राहकको विवरण

**१. ग्राहकको नाम: सारथि राजवंशी,** ठेगाना: मेचिनगर न.पा. ०७ झापा, ना.प्र.नं.०४३००३/९०९ जारी मिति:.२०६३/११/३०
जारी भएको कार्यालय: जिल्ला प्रशासन कार्यालय झापा, बाबुको नाम: सैलेन राजवंशी, ससुराको नाम: टेगना राजवंशी पतिको नाम. खडगदेव राजवंशी

लिलाम हुने अचल सम्पत्तिको विवरण

| कर्जा शिर्षक/कर्जा नं. | जग्गाधनीको नाम | जिल्ला | न.पा./गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल |
|---|---|---|---|---|---|---|
| घरायसी | सारथि राजवंशी | झापा | मेचिनगर | १२ | ८०१ | २८८.०० (व.मि.) |

व्यक्तिगत जमानीकर्ताको विवरण

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय | बाबु | बाजे |
|---|---|---|---|---|---|
| खडगदेव राजवंशी | मेचिनगर-०७ | ०१/१२६३ | झापा/२०६२/०८/२१/ जिल्ला प्रशासन कार्यालय | टेगना राजवंशी | लखिनाथ राजवंशी |

**२. ग्राहकको नाम होमचन्द्र घिमिरे,** मेचिनगर न.पा. ०९ झापा, ना.प्र.नं. २७७१९२७, जारी मिति: २०४५/०१/३१
जारी भएको कार्यालय: जिल्ला प्रशासन कार्यालय झापा, बाबुको नाम: रामचन्द्र घिमिरे, बाजेको नाम: बलभद्र घिमिरे, पति/पत्नीको नाम: शिव कुमारी ठकुरी

लिलाम हुने अचल सम्पत्तिको विवरण

| कर्जा शिर्षक | जग्गाधनीको नाम | जिल्ला | न.पा./गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल |
|---|---|---|---|---|---|---|
| घरायसी र सरल कृषि कर्जा | होमचन्द्र घिमिरे | झापा | धुलावारी | ०३ | १९५९, २०३५, २५६८, २५६६, २९३७ | ०-४-१७.५, ०-१२-०.५, ०-०-३, ०-२-१७.२५,०-१-८ |
| | मन कुमारी घिमिरे | झापा | धुलावारी | ०३ | २३५५ | ०-५-० |

व्यक्तिगत तथा धितो जमानीकर्ताको विवरण

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय | पति/बाबु | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| शिव कुमारी ठकुरी | मेचिनगर-०९ | १३५१४-४३७९ | मोरङ/२०५५/०८/१७/ जिल्ला प्रशासन कार्यालय | होमचन्द्र घिमिरे/ विष्णु ठकुरी | रामचन्द्र घिमिरे |
| मन कुमारी घिमिरे | मेचिनगर-०९ | ७२८१४८/ २६०३ | झापा/२०३५/०५/०५/ जिल्ला प्रशासन कार्यालय | रामचन्द्र घिमिरे/ शिवलाल चापागाई | बलभद्र घिमिरे |
| अइन्द्र कुमार थापा | फिदिम-११ पाँचथर | १३१-३७२ | पाँचथर/२०५८/०५/२८/ जिल्ला प्रशासन कार्यालय | इन्द्र प्रसाद थापा | मान बहादुर थापा |
| फाजिल धितो प्रदान गर्ने: सुमि कृषि खरिद बिक्रि केन्द्र, मेचिनगर-०४ झापा, मिति: २०७१/०५/३१, पान नं.: ३०३८३५२४४, मिति: २०६६/०५/२४, दर्ता नं. १७५/७१ ७४ वाणिज्य विभाग, अन्तरिक राजस्व कार्यालय भद्रपुर, झापा । | | | | | |

**शर्तहरु:**

१) धितो लिलाम डाँक बढाबढ हुने तोकीएको दिन लिलामी कार्य सम्पन्न हुन नसकेमा वा सार्वजनिक बिदा परेमा सोको लगतै बैंक खुलेको दिन उक्त लिलामी कार्य हुनेछ ।
२) धितो लिलाम डाँक बढाबढमा ३(तीन) जना भन्दा कम व्यक्ति/संस्थाहरुले भाग लिएमा पनि लिलाम बढाबढ कार्य हुनेछ ।
३) धितो लिलाम डाँक बढाबढमा सबै भन्दा बढी बोलकबोल गर्ने व्यक्ति/संस्थाले बोलेको अंकको कम्तिमा १०(दश) प्रतिशत हुने रकम धरौटी वापत त्यसै दिन यस बैंकको सम्बन्धित शाखा कार्यालयमा जम्मा भएको हुनु पर्नेछ ।
४) लिलाम सकार गर्ने व्यक्ति/संस्थाले लिलाम सदर भएको कम्तिमा ७(सात) दिन भित्र बाँकी रकम बुझाउनु पर्नेछ । बुझाउनु पर्ने बाँकी रकम तोकीएको मितिमा बुझाउन नसकेमा जम्मा भएको रकम स्वतः जफत हुनेछ।
५) लिलाम सदर/बदरको निर्णय नभए सम्म धरौटी रकम फिर्ता माग गर्न र सोमा व्याज दाबी गर्न पाईने छैन ।
६) डाँक बढाबढको शुरुवात अंक उक्त चल अचल सम्पत्तिको मूल्यांकनबाट शुरुवात गरिनेछ ।
७) धितो लिलाम डाँक बढाबढ सदर वा बदर गर्नु अगावै सम्बन्धित ग्राहकले बैंकलाई भुक्तानी गर्नु पर्ने सम्पूर्ण रकम बुझाएमा लिलामी कारबाही हुने छैन ।
८) लिलाम सदर भए पश्चात दाखिल/खारेज नामसारी गर्दा सम्बन्धित निकायमा तिर्न बाँकी कर, राजश्व, मालपोत, रजिष्ट्रेशन दस्तुर लगायतका सम्पूर्ण राजश्व, कर, दस्तुर एवं अन्य भैपरी खर्च बोलपत्रदाताले नै ब्यहोर्नु पर्नेछ ।
९) डाँक बढाबढमा सबै भन्दा बढी बोलकबोल गर्ने व्यक्ति/संस्थालाई दिने वा नदिने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ ।
१०) अन्य जानकारीको लागि यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

**कृषि विकास बैंक लि.**
**कर्जा असुली तथा संकलन विभाग**
**मुख्य कार्यालय, काठमाडौं**

प्रभाव दैनिक
National Daily

सम्पादकीय

# 'कुलिङ पिरियड'मा एमालेको दोहोरो चरित्र

**कर्मचारीतन्त्रबाट जकडिएको शासनलाई केही सहज बनाउन सांसदहरूले निजामती सेवामा प्रस्ताव गरेको व्यवस्था हो– कुलिङ पिरियड । यसको सीधा अर्थ के हो भने अवकाशपछि कर्मचारी सीधै अर्को सरकारी काममा नियुक्ति नलेऊन् । माथिल्लो स्तरका कर्मचारी नियमित सरकारी काममा लाग्न कामै छाडेर नेता–मन्त्रीसँग सेटिङ मिलाउन लागिपर्छन् । यसले एक त अरुले अवसर पाउँदैनन् । अर्को केही समय 'ब्रेक' नलिनेबाट सम्पादन कार्य राम्रो हुँदैन ।**

**यही रोग जताततै व्याप्त देखिन्छ । पछिल्लोपटक शंकरदास बैरागी यस्तै भाग्यमानी पात्र बनेका थिए । मुख्यसचिवबाट अवकाश पाउनसाथ उनी राष्ट्रिय सुरक्षा परिषद्को सल्लाहकार बने । सत्ताका प्रिय उनलाई अहिले भिजिट भिसामा रकम असुली प्रकरणमा छानबिनको नेतृत्व दिइएको छ । यसले एक त सत्ताको सेवा गर्छ भने जनताको पक्षमा काम नहुने सम्भावना बढ्छ ।**

**कतै यो समस्याबाट हल मिल्छ कि भनेर निजामती सेवा विधेयकमा कुलिङ पिरियडको प्रस्ताव गरियो । यसअनुसार अवकाश पाएको दुई वर्षपछि मात्र सरकारी नियुक्ति लिन सकिने व्यवस्था प्रस्तावमा राखियो । यसले कर्मचारीहरू र नेतामन्त्री र बिचौलियाबीचको सम्बन्ध बिच्छेद हुने आकलन गरियो ।**

**तर यही प्रस्ताव प्रतिनिधिसभाबाट पारित हुँदा गायब भयो । यो विषयमा विधेयक छलफल गर्ने समिति राज्य व्यवस्था समिति नै विवादमा तानियो । जसरी पनि कुलिङ पिरियड राख्नैपर्ने मत अधिकांश सांसदमा देखियो । सत्तारुढ दल नेपाली कांग्रेसका सांसद रामहरि खतिवडा यो समितिका सभापति छन् । एमाले सांसदहरूले यो प्रकरणमा खतिवडाले गोलमाल गरेको भन्दै सभापतिबाट उनको राजीनामा माग गरे । तर उनले राजीनामा दिएनन् । यो प्रकरणमा को दोषी भनेर पत्ता लगाउन संसदीय समिति नै बनिसकेको छ ।**

**तर यहीबीच एमालेका राष्ट्रिय सभा सदस्यहरूले कुलिङ पिरियडमा भएको अनधिकृत हेरफेरलाई नसच्याउन भनेका छन् । प्रतिनिधिसभाबाट कुलिङ पिरियडबारे जे जस्तो प्रावधानसहित राष्ट्रिय सभामा आयो, त्यही पारित गर्नुपर्नेमा भन्दै गोपाल भट्टराईसहित इन्दिरादेवी गौतम, रक्मिणी कोइराला, सुमित्रा बिसी र सोनामग्याल्जेन शेर्पाले कुलिङ पिरियडको विपक्षमा संशोधन हालेका हुन् । पहिले आफैं षड्यन्त्र भएको भन्दै छानबिन गर्न माग गर्ने अहिले भने फेरि यस्तो प्रावधान नै नराख्न भन्दै माग गर्ने । सत्तामा बसेर एमालेले यस्तो चरित्र किन प्रदर्शन गर्दै छ ? एमालेले प्रस्ट पार्नुपर्छ ।**

# न्यायलाई छिटोछरितो बनाउन सबै पक्षको समन्वय जरुरी



■ रमेश बडाल

प्रत्येक मुद्दा उत्तिकै महत्त्वपूर्ण हुन्छ । राजनीतिक मुद्दा वा ठूला अपराधका मुद्दामा पनि सरकार पक्ष सधैँ हारेको हुँदैन । ठूलो ओहदामा भएका व्यक्ति थुनामै हुनुहुन्छ । सबै मुद्दामा सरकारीपक्ष कमजोर छ भन्ने स्थिति छैन । अर्को पक्ष देवानी प्रकृतिका रिटमा मुद्दाहरु छन् । त्यस्तो मुद्दामा रूपमा हार भएको छ । आवश्यक काजजात, एकभन्दा बढी मन्त्रालयले भएको विषयमा लिखित जवाफ फरक आउँछ । त्यसले मुद्दा कमजोर हुन्छ । महान्यायाधिक्ता कार्यालयले भएको तथ्यलाई टेकेर प्रतिरक्षा गर्ने हो ।

मेरो पहिलो कार्यकालमा राजनीतिक अस्थिरता र कोरोनाको महामारीका कारण बन्दाबन्दी थियो । २०७७ चैतमा नियुक्ति भएर असारमा नै सकिएको थियो । करिब तीन महिनामात्रै काम गर्न मौका मिल्यो । छोटो अवधिमा दुई महत्त्वपूर्ण काम भएको थियो । महान्यायाधिवक्ता कार्यालयको तेस्रो रणनीतिक योजना बनेको थियो । त्यो आज पनि कार्यान्वयन भइरहेको छ । दोस्रो, सरकारवादी फौजदारी मुद्दामा कानुन मिलापात्र गर्ने व्यवस्था थियो । चेक अनादरको विषयमा सरकारवादी फौजदारी मुद्दा भएर गएमा मिलापत्र हुने व्यवस्था थिएन । अहिले त्यसलाई खुला गरियो । त्यसको असर अहिले राम्रो छ । अदालतबाट पनि स्वीकार भयो ।

महान्यायाधिवक्ता नेपाल कानुन व्यवसायी परिषद्को पदेन अध्यक्ष हुने भएकाले त्यो बेला त्यसको पहिलो रणनीतिका योजना तर्जुमा गरी २०५० सालमा आएको विधेयकलाई मस्यौदाको अन्तिम रूप दिने काम भयो । त्यसलाई नै दोस्रो कार्यकालमा संसद्मा लैजाने अवसर मिल्यो । सरकार स्थिर भएकाले कुनै पनि कार्ययोजना बनाउँदा लागू गर्न सकिन्छ भन्ने आत्मविश्वास र अलि पछाडिसम्म योजना बनाउन सकिन्छ भन्ने मनोबल भयो । संक्रमणकालीन न्यायसम्बन्धी विधेयक टुंग्याउने अवसर मिल्यो । त्यो महत्त्वपूर्ण उपलब्धि हो ।

सरकारवादी फौजदारी मुद्दामा मिलापत्र गर्ने भन्ने काम सुरु गरियो । झट्ट सुन्दा सरकारवादी फौजदारी मुद्दामा मिलापत्र किन गर्ने भन्ने प्रश्न पनि उठ्छ । यसलाई पीडितमैत्री बनाउनुपर्छ भनेर लागिएको हो । उदाहरणका लागि, कुनै मान्छेले ऋण दिएको विषय वा चेक अनादर गरेको विषयमा रहेछ भने उसलाई मिलापत्र गर्न नदिने हो भने मुद्दा जिल्ला, उच्च र सर्वोच्चमा फैसला कार्यान्वयनमा मुद्दामा कैदमा जाने स्थिति बन्छ तर पीडितले केही पाउँदैन । सरकारको बिगो र जरिवाना उसुल गर्ने र बाँकी भए मात्रै पीडितले पाउने भन्ने कानुनी व्यवस्था छ ।

सरकारी वकिलको क्षेत्रमा अनुसन्धान र अभियोजन गर्ने निकायको आम भाष्य कस्तो निर्माण भइरहेको छ भने कुनै एउटा घटना भएमा त्यो घटनासँग सम्बन्धित व्यक्तिलाई धेरैभन्दा धेरै मुद्दा र सजाय हुने दफा प्रयोग गर्नुपर्छ भन्ने स्थिति थियो । त्यसलाई सुधार गर्नुपर्छ भन्ने लागेर सुरु गरियो । उदाहरणका लागि १५/१६ वर्षका केटा-केटीबीच प्रेम बस्यो । उनीहरू भागे, विवाह गरे वा अरू कोहीको घरमा बसे । केटीपक्षको बाबुआमाले मुद्दा चलाउँदा, भागेर केटाको नाम राख्ने, भागेपछि जबर्जस्ती करणी, भागेको भएपछि अपहरण, घरमा बसेको शरीर बन्धक भयो । तीन मिलेपछि एकीकृत कसुर भनेर मुद्दा चलाइन्थ्यो । केटा-केटीबीचको प्रेमलाई अपराधीकरण गरेर १८ भन्दा घटीको नाबालकलाई १४/१५ देखि १७/१८ वर्षसम्म थुनामा राख्ने अवस्था थियो । अब त्यसमा जम्मा बालविवाहको मात्रै मुद्दा चलाउन सकिन्छ ।

अर्को, आत्महत्या दुरुत्साहन मुद्दामा पनि सुधार गरिएको छ । बैंकको काम नै कोही ऋणीले पैसा तिरेन भने पैसा तिर्न आउनुस् भन्ने हो । बैंकको कर्मचारीले बारम्बर फोन गरेपछि मैले आत्महत्या गरेँ भन्नेसम्मको कुरा आयो । बैंकको कर्मचारीलाई पक्राउ गरेर अभियोजन गर्ने अवस्थासम्म थियो । त्यो कुराको अन्त्य गर्न सरकारी वकिलका परिपत्र गरेर केही सुधार गर्ने प्रयास गरियो । यसबाहेक अन्तर्राष्ट्रिय सम्बन्ध विकास, प्रहरीसँगको सम्बन्धलाई सुधार गर्ने काम गरेका छौं ।

महान्यायाधिवक्ताको मुख्य काम संविधानले नै तोकेको छ । सरकारलाई आवश्यक परेको बेलामा कानुनी राय दिने हो । त्यो निरन्तर चलिरहन्छ । अर्को मुद्दामा अभियोजन गर्ने हो । देशभर गत वर्ष ४५ हजार मुद्दा अभियोजन भएको छ । यस वर्ष म कहाँ तीन हजार ३५६ वटा मुद्दा पुनरावेदन गर्ने कि नगर्ने भनेर आएका रहेछन् । मुद्दा चलाउने वा नचलाउने विषयमा आएको मुद्दा ३६४ रहेको छ ।

गत वर्षको मुद्दाको तथ्यांकलाई हेर्दा ४५ हजार ९१ मुद्दा दर्ता गरेको थियो । सरकारले ६८.२७ प्रतिशत मुद्दामा सफलता हात पारेको छ ।

सरकारवादी भएको मुद्दामा सरकारपक्ष कमजोर भयो भन्नु उपयुक्त छैन । मुद्दा किन ढिला भयो भनेर जिल्लादेखि नै हेर्नुपर्छ । काठमाडौं अदालतबाहेक अन्य अदालतमा दुई वर्ष नाघेका मुद्दा छैनन् । उच्च अदालतमा पनि दुई वर्ष नाघेको मुद्दा छैन । विशेष अदालतमा पनि छैन । सर्वोच्च अदालतमा केही समय लागेको छ । तर देशभरिकै सन्दर्भमा हेर्दा ढिला भयो भन्न मिल्दैन । तैपनि धेरै समय लाग्न नपर्ने मुद्दामा एक वर्ष वा डेढ वर्ष पनि लाग्नुभएन । अनुसन्धानको प्रक्रिया, परीक्षण गर्नुपर्ने विषयजस्ता कुराले मुद्दामा केही ढिलाइ हुन्छ ।

प्रत्येक मुद्दा उत्तिकै महत्त्वपूर्ण हुन्छ । राजनीतिक मुद्दा वा ठूला अपराधका मुद्दामा पनि सरकार पक्ष सधैँ हारेको हुँदैन । ठूलो ओहदामा भएका व्यक्ति थुनामै हुनुहुन्छ । सबै मुद्दामा सरकारीपक्ष कमजोर छ भन्ने स्थिति छैन । अर्को पक्ष देवानी प्रकृतिका रिटमा मुद्दाहरू छन् । त्यस्तो मुद्दामा रूपमा हार भएको छ । आवश्यक काजजात, एकभन्दा बढी मन्त्रालयले भएको विषयमा लिखित जवाफ फरक आउँछ । त्यसले मुद्दा कमजोर हुन्छ । महान्यायाधिक्ता कार्यालयले भएको तथ्यलाई टेकेर प्रतिरक्षा गर्ने हो । गलतलाई सही हो भन्ने होइन । हामीले भएको जनशक्ति प्रयोग गरिरहेका छौं । मागेजति साधन र स्रोत पाउने अवस्था छैन । जनशक्तिलाई तालिम दिन अभियोजन प्रशिक्षण केन्द्र सञ्चालन गरिरहका छौं । सरकारी कार्यालयमा निरीक्षण पनि गर्छौं । त्यसमा मुद्दाको फाइल गर्दा केही सुधार गर्नुपर्ने भएमा सुझाव दिन्छौं ।

महान्यायाधिवक्ताको कार्यालयमा भएको जनशक्तिलाई अधिकतम् प्रयोग गरिरहेका छौं । फरेन्सिक ल्याब, विधिविज्ञान प्रयोगशाला महान्यायाधिवक्ता कार्यालयमा छैन । तर सहकार्य गरेर काम भइरहेको छ । संयोजन गरेर काम गर्ने हो । सूचना प्रविधि, विद्युतीय माध्यमको प्रयोग, डिजिटल माध्यमबाटै मिसिलहरू तयार गर्ने काम गरिरहेका छौं । भौतिक पूर्वाधारमा केही काम गर्नुपर्ने छ ।

प्यारोलमा पूर्वमहान्यायाविक्ता डा. दिनमणि पोखरेलले नै प्यारोलमा छोड्ने प्रक्रिया सुरु गरेर ५०० भन्दा बढी कैदीबन्दी छोडिसकिएको थियो । अहिलेसम्म दुई हजार ७२ लाई हामीले प्यारोलमा छोड्ने निर्णय गरेका छौं । त्यसमध्ये २९ जना बालसुधार गृहमा नाबालक छन् । प्यारोलमा छोड्दा त्यसको प्रभाव राम्रो छ । हामीले गरेको निर्णय अदालतले हेरेर मात्र प्यारोलमा छोड्ने हो । हामीले पठाएको ९२ प्रतिशत अदालतले निर्णय प्यारोलमा राख्न अनुमति दिएको छ । प्यारोलको अर्थ जेलको परिधिको विस्तार हो, पूर्ण उन्मुक्ति होइन । सर्त तोकिएको हुन्छ । सर्त उल्लंघन गरेमा थुनामा आउनुपर्ने हुन्छ । यसरी हेर्दा ४१ जनाले सर्त उल्लंघन गरेको पाइयो । तीमध्ये ३० जनालाई थुनामा ल्याएको छ । यो सामाजिकीकरण गर्न प्रक्रिया हो ।

दण्ड सुझाव समिति भन्ने महान्यायाधिवक्ताको संयोजकत्वमा छुट्टै समिति पनि छ । यो समितिले केही विषयमा सुझाव पनि दिएको छ । कानुनी व्यवस्थामा मानिसलाई थुनछेकको बहस गर्दा तीन विकल्पमा बसह गर्नुपर्ने हुन्छ । थुनामा राख्ने, धरौटीमा छोड्ने वा हाजिरी जमानीमा छोडने हुन्थ्यो । यो सुझाव समितिले कसैलाई घरमै राखेर, निश्चित सर्तमा राखेर विद्युतीय अन्यको प्रयोग गरेर छोडिदिनुपर्छ भनेर आएको छ । त्यहीअनुसार कानुन निर्माण गर्दा सजाय निर्धारण तथा कार्यान्वयन ऐनमा सिफारिस गरेका छौं । प्यारोलमा छोड्न केही नकारात्मक पक्ष पनि छ । जबरजस्ती करणी, शरीर बन्धक, अपहरणजस्ता विषयलाई प्यारोलमा छाडिँदैन । एक वर्षमा मैले २० कारागारको अवलोकन गर्दा त्यहाँको अवस्था राम्रो छैन । त्यो स्थितिलाई हेर्दा सुधारात्मक दण्ड प्रणाली जरुरी छ । प्यारोलमा छोड्नलाई ६७ प्रतिशत कैद भुक्तान गर्नुपर्ने प्रावधानमा संशोधन गरी ६० प्रतिशतमा झार्न सिफारिस गरेका छौं । नकारात्मक मुद्दाका ८० प्रतिशत कैद भुक्तान गरेका व्यक्तिलाई पनि सामाजिकीकरण गर्नुपर्छ भनेर सिफारिस गरेका छौं ।

धेरै कारागारबाट आजीवन कैद भएका व्यक्तिलाई नपठाउन आग्रह भएको छ । कुनै आशा नभएको व्यक्तिलाई पनि ३० वर्ष नाघेपछि प्यारोलमा छोड्ने व्यवस्था गरेका छौं । कतिपय दुवै खुट्टा वा हात नचल्ने पनि थुनामा छन् । तिनीहरूलाई प्यारोलमा छाड्न सकिने भनेर सिफारिस गरेका छौं । अदालतको आदेशअनुसार कुनै सामाजिक काम गरेमा पनि कैद भुक्तानी हुनसक्ने अन्तरराष्ट्रिय अभ्यास छ, त्यो पनि गर्न सकिन्छ । कुनै कैदीबन्दी थुनामा राख्न जरुरी छैन तर बाहिर छोड्दा पनि सजाय नपुगेकोजस्तो छ भने जिपिएस प्रणाली प्रयोग गरेर प्यारोलमा छाड्ने अभ्यास धेरै देशमा रहेछ । यसो गर्दा राज्यको खर्च कटौती हुन्छ । कैदीबन्दीलाई कैदमा राख्नुमात्रै भन्दा पनि सुधार गर्ने, राज्यको खर्च जोगाउने र पीडित न्याय विषयमा ध्यान केन्द्रित गरेका छौं ।

कुनै एउटा व्यक्ति वा संस्थाले मात्रै समग्रमा सुधार गर्न सकिँदैन । यस प्रणालीसँग जोडिएका सबै निकायको सहकार्य हुन सक्यो भने काम सफल हुन्छ । अदालत एक्लैले पनि काम गर्न सक्दैन । कानुन व्यवसायी र सरकारी वकिलले सहयोग गर्नुपर्‍यो । न्यायसँग सम्बन्धित सबैले न्यायलाई छिटोछरितो बनाउने विषयमा आ-आफ्नो ठाउँबाट समन्वयात्मक भूमिका खेल्न सक्यो भने सुधार गर्न सकिन्छ ।

*(महान्यायाधिवक्ता बडालसँग राससले गरेको कुराकानीमा आधारित)*

## श्रम सरोकार

# वैदेशिक रोजगारीमा रहँदा ध्यान दिनुपर्ने कुराहरु

### बचत गर्ने बानीको विकास

प्रवासमा कामदारहरू आयआर्जनकै लागि जाने हुँदा र उक्त आर्जनबाट घरपरिवारका लागिसमेत निकै जरूरी र महत्त्वपूर्ण हुने गर्छ । सबै कामदारहरूले आफूले कमाएको पैसालाई बचत गर्ने राम्रो बानीको विकास गर्नुपर्दछ । फाल्तु खर्च नगर्ने, अनावश्यक घूमफिर, बाहिर खाने, खाडी मुलुकहरूमा प्रतिबन्धित र निकै महँगो पर्ने अल्कोहलजन्य मादकपदार्थको सेवन, धूमपान, जुवा तास, लटरी या मनोरञ्जनका लागि गरिने खर्च कटाएर मात्र कमाएको आर्जनको राम्रो बचत गर्न सकिन्छ । धेरै नेपाली श्रमिकले कमाएको ठूलो हिस्सा उपरोक्त शीर्षकहरूमा खर्च गर्ने गरेका पाइन्छन् । यसका अतिरिक्त अनावश्यक तवरमा फोन कल गरिरहँदा पनि तलबको ठूलै हिस्सा खर्च गर्ने गर्दछन्, यस्ता कुराहरूमा राम्रो सोच विचार पुऱ्याउनुपर्दछ । आफूले पाएको तलब नियमितरूपमा घर पठाउने र त्यसरी घर पठाउने रकमको पनि केही हिस्सा उत्पादनमूलक उद्योग व्यवसायमा लगानी गर्ने या सोका लागि नियमित र क्रमिकरूपमा बचत गर्दै वैदेशिक रोजगार कामदारहरूले जान्नैपर्ने कुराहरू जानुपर्दछ । बचत रकम बैंक तथा वित्तीय संस्थामा राखेर सुरक्षितका साथै ब्याज आर्जन गर्न पनि सकिन्छ ।

### सीप विकासमा ध्यान दिने

आय आर्जन र सीप विकासको अन्तरसम्बन्ध हुन्छ । सीप तथा दक्षताकै आधारमा रोजगारदाताले तलब सुविधा दिने र बेलाबेलामा वृद्धि पनि गर्ने हुँदा हरेक कामदारले आफ्नो पेसामा उपयोगी सीपलाई बढाउँदै जानुपर्दछ । यसका लागि काममा रूचि तथा लगनशीलता राख्ने, अनुभवीसँग सधैं केही नयाँ कुरा सिक्ने कोसिस गर्ने र कामसँग सम्बन्धित अध्ययन र अभ्यासलाई तिखार्दै जानुपर्दछ ।

### बैंकिङ प्रणालीबाट पैसा पठाउने

आफूले कमाएको पैसालाई जहिल्यै पनि बैंकिङ माध्यमबाटै पठाउनुपर्दछ । विभिन्न मुलुकहरूमा अवैधरूपमा सञ्चालित हुण्डी जस्ता जोखिमपूर्ण माध्यम (सञ्जाल)मा कहिल्यै विश्वास र प्रयोग गर्नुहुँदैन । मुद्राको अवैध कारोबार (हुण्डी) गर्ने दलाल तस्करहरू कतिले नेपाली कामदारहरूको पैसा ठगी गरेर भागेका पनि छन् । त्यस्तो अवैध कारोबार अपनाउँदा देशको राजस्वमासमेत क्षति पुगिरहेको हुन्छ । बैंकिङ माध्यमबाट पठाएको रकमको मात्र स्रोत खुल्ने हुँदा पछि नेपालमा आएर समस्या भोग्नु पर्दैन । अवैध च्यानलबाट पैसा भित्र्याएको खण्डमा आफूले विदेशमा कमाएर जोडेको घर सम्पत्तिको स्रोत खुलाउन नसकेर समस्यामा पर्ने जोखिम हुनसक्छ । त्यसैले सधैं बैंकिङ च्यानलकै प्रयोग गर्नुपर्छ ।

## पाठक मञ्च

# मदिराले सिध्याउँदै जीउधन, नियन्त्रणमा चालौं कदम

पछिल्लो समय घरेलु तथा सिल प्याक मदिरा बेचबिखन गर्ने ह्वात्तै बढेको छ । गाउँदेखि सहरसम्म मदिरा बेचिन्छ । मदिरा बेच्दा सीमित व्यापारीलाई फाइदा पुगिरहेको छ भने आमनागरिकको स्वास्थ्य र घरपरिवार लथालिंग अवस्थामा पुगेको छ । रक्सीले परिवारमा कलह ल्याएको छ । दिनहुँ झैझगडा हुन्छ ।

रक्सी खाएको बेला सानो कुरामा झगडा हुँदा काटमारसमेत हुने गरेको छ । कतिपयचाहिँ आत्महत्या गर्छन् । रक्सीले मानिसको जीवन सिध्याइरहेको छ । मदिरा खाने अधिकांशको मिर्गौला, कलेजो, फोक्सो काम नलाग्ने अवस्थामा पुग्छ । अहिले भर्खरका युवायुवतीसमेत मदिरा, लागुऔषधमा फसेर भविष्य चकनापुर भएको पाइन्छ ।

यता, मदिरा पनि नक्कली आउन थालेको छ । सिल प्याक महँगो भनिएका मदिरासमेत नक्कली भेटिन्छ । घरेलु रक्सी त देशी मल, भैंसीको हड्डी, पुराना लुगा र छालाका जुत्ता, सख्खरलगायतबाट बनाइन्छ । भन्ने बेला पसलेले चामल र कोदोको रक्सी भन्छन् तर यस्ता रक्सी बेचेर मानिसको पैसासँगै ज्यानै सिध्याइदिन्छन् ।

काठमाडौं उपत्यकाभित्र होस् या बाहिरी जिल्लाहरूमा घरैपिच्छे रक्सी पसल भेटिन्छन् । त्यहाँ यस्ता रकसी बेचिरहेको छ । भर्खरका युवायुवतीसहित बूढाबूढीहरूलेसमेत रक्सी खाइरहेको देखिन्छ । पसलेले जति भन्छन्, त्यति नै तिरेर उनीहरूले खान्छन् । तर, त्यो रक्सीले पैसासँगै उनीहरूको ज्यानै सिध्याउँछ । घरपरिवारबाट टाढा बनाउँछ ।

पहिले करोडपति भएको व्यक्तिलाई समेत सडकछाप अवस्थामा पुऱ्याउँछ । रक्सीले धेरै मानिसको जीवन सखाप पारिरहेको छ । यद्यपि, सरकार केही पनि गर्दैन । गृह मन्त्रालय घरेलु तथा सिल प्याक मदिरा बेचबिखनमा रोक लगाउन ७७ वटै सिडिओ कार्यालयलाई निर्देशन दिँदैन । स्थानीय तहहरू पनि अनुगमन गरी यस्ता रक्सी बेच्नेमाथि कारबाही गर्दैनन् ।

घरधनीहरूलाई भाडा भए पुग्यो, व्यापारीलाई कमाउन पाए । उपत्यकामा घरेलु मदिरा बेच्ने रक्सी पसल छ्यापछ्याप्ती छन् । रक्सी बेच्न धमाधम आफ्नो घर भाडामा दिइरहेका छन्, घरधनीहरू । भाडाको निम्ति रक्सी बेच्न घर भाडामा दिन्छन् अनि कसैले रक्सी खाएर केही घटना घटेमा जिम्मेवारीचाहिँ लिँदैनन् । रक्सी खाएपछि अधिकांश व्यक्तिले आफ्नो होस गुमाउँछन् ।

त्यस्तो अवस्थामा उनीहरूले जे पनि गर्न सक्छन् । कुटपिटदेखि काटमारसम्म । रक्सी खाएरै आफ्नो र अरुको ज्यान लिएको थुप्रै घटना छन् । अनि यस्ता घटनाको जिम्मेवारी कसले लिने ? रक्सी पसलेले कि सरकारले ? कानुनमा घरेलु रक्सी बेच्न पाइँदैन । विडम्बना, स्थानीय तह र प्रहरी प्रशासन निदाउँदा खुलेआम घरेलु मदिरा बेचबिखन भइरहेको छ ।

सरकार रक्सी बेच्न प्रतिबन्ध लगाउँदैन अनि रक्सी खाएर आत्महत्या, हत्या गरिएपछि लास उठाउनचाहिँ पुग्छ । अहिले धेरै मानिसहरूको दुईटै मिर्गौला फेल, कलेजो, फोक्सो काम नलाग्ने भएको सुनिन्छ । यसको एउटै कारण हो, रक्सी । विशेषगरी घरेलु मदिराले मानिसको महत्त्वपूर्ण अंग सजिलै बिगार्ने गर्छ । १० वर्षे जनयुद्धमा माओवादीले रक्सी खाने र बनाउने दुवैलाई कारबाही गर्थ्यो । जसले रक्सी खाने र बनाउने धेरै मात्रामा कम भएका थिए । अहिले त माओवादीकै कार्यकर्ता रक्सी खान्छन् ।

पछिल्लो समय त बर्थ डेदेखि विवाहसम्ममा रक्सी दिइन्छ । छोराछोरीको सरकारी जागिरमा नाम निस्किएमा, एसइई पास गरेमा, अमेरिका, अस्ट्रेलियामा भिसा लागेमा पनि रक्सी पार्टी दिइन्छ । जनप्रतिनिधिले चुनाव जित्दा पनि रक्सी पार्टी नै दिन्छन् । कर्मचारी सरुवा, बढुवा हुँदा रक्सी खाएरै खुसीयाली मनाउँछन् । मानिसले खुसीसँगै दुःखमा पनि रक्सी नै खान्छन् ।

अब सरकारले कडा कदम चाल्नैपर्छ । रक्सीले एक जनामात्र होइन, धेरै पुस्ता सिध्याउँछ । र, सिध्याइरहेको छ । किनकि बाउले रक्सी खाएपछि छोराले सिक्छ । रक्सीमा प्रतिबन्ध लगाउन सांसदहरू सदनमा आवाज उठाउँदैनन् । सरकार पनि यो विषयबारे सोच्दैन । किनकि सांसददेखि सरकारमा बसेकासम्म जडिया छन् । अनि जनप्रतिनिधिदेखि जनतासम्म रक्सी खान व्यस्त भएपछि देश कसरी बन्छ ?

*-**रूपा थापा**, भक्तपुर*

# पोखरी सौन्दर्यकरण अभियान निष्प्रभावी

■ हिमाल लम्साल



**वीरगञ्ज (पर्सा)–** वीरगञ्ज महानगरपालिका-१६ नगवाकी राधिकादेवी २०७५/७६ सालमा मधेस प्रदेश सरकारले नगवा पोखरी मुख्यमन्त्री स्वच्छता अभियानअन्तर्गत सौन्दर्यकरण गर्ने योजनाले निकै खुसी थिइन् । आफ्नै घरनजिकै रहेको पोखरी व्यवस्थित भएसँगै छठ पूजा गर्न सहज हुने आशाले पनि उनीसहितका नगरवासीलाई हर्षित बनाएको थियो ।

उनको त्यो खुसी लामो समय टिक्न सकेन । नगवापोखरी सौन्दर्यकरण थालेको पनि छ वर्ष बितिसक्यो तर अहिलेसम्म पनि पोखरी निर्माणको काम सकिएको छैन । पोखरीको मध्यभागमा सूर्यनारायणको मन्दिर बनाउन गाडेको छड पनि खिया लागिसक्यो । पोखरी वरपर सौन्दर्यकरणको काम विगत तीन वर्षदेखि अलपत्र छ । 'हामीले त नगवा पोखरी बन्ला भनेर ठूलो आशा गरेका थियौं तर, अहिले त हाम्रो आशा निराशामा बदलिसकेको छ,' राधिकादेवीले भनिन्, 'बीचैमा अलपत्र पार्ने हो भने किन पोखरी बनाउने अभियान थालेको त ?'

मधेस प्रदेश सरकारले आव २०७५/७६ र आव २०७६/७७ मा मुख्यमन्त्री स्वच्छता अभियानअन्तर्गत पर्सा जिल्लामामात्रै छ वटा पोखरी सौन्दर्यकरणको योजना अघि सारेको थियो । तर, प्रदेश सरकारले अघि सारेका छवटै पोखरी निर्माणको काम तीन वर्षदेखि अलपत्र छ । पूर्वाधार विकास कार्यालय वीरगञ्जका कार्यालय प्रमुख लालबाबु रायले सुरुआती चरणमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाटै पोखरी सौन्दर्यकरणका योजना अघि सारिएको बताए ।

'मुख्यमन्त्री स्वच्छता अभियानअन्तर्गत जिल्लामा छवटा पोखरी निर्माण गर्न ३७ करोड ७६ लाख चार हजार रूपैयाँ लागतमा ठेक्का सम्झौता भएको थियो,' उनले भने, 'अहिलेसम्म छ वटै पोखरी निर्माणको काम बीचैमा रोकिएको छ ।'

त्यसैको एक कुरूप नमूना हो नगवापोखरी । मधेस प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले वीरगञ्ज-१६ स्थित नगवापोखरी सौन्दर्यकरणका लागि २०७६ वैशाख २३ गते प्रेरा/रञ्जन संयुक्त उपक्रम (जेभी) ललितपुरसँग १० करोड एक लाख ३० हजार रूपैयाँको ठेक्का सम्झौता भएको थियो । सम्झौताअनुसार नगवापोखरी सौन्दर्यकरणको काम २०७८ वैशाख १४ गतेभित्रै निर्माण सम्पन्न हुनुपर्ने थियो तर अहिलेसम्म पोखरीको निर्माणको काम ५० प्रतिशतमात्रै भएको कार्यालयले जनाएको छ ।

नगवापोखरीको मध्यभागमा सूर्यनारायणको मन्दिर निर्माण गर्ने, मन्दिर वरपर सौन्दर्यकरणको काम पनि बीचैमा अलपत्र अवस्थाबाट गुज्रिरहेको छ । निर्माण कम्पनीले हालसम्म तीन करोड ९७ लाख ८७ हजार रूपैयाँ रकम भुक्तानी पाएको छ ।

वीरगञ्ज महानगरका प्रमुख राजेशमान सिंह प्रदेश सरकारले अघि सारेका वीरगञ्जका आधा दर्जन पोखरी सौन्दर्यकरणका योजना अलपत्र हुँदा महानगरलाई अनावश्यक दोषारोषण हुँदै आएको गुनासो गर्छन् । 'मधेस प्रदेश सरकारले अघि सारेका वीरगञ्जका पोखरी सौन्दर्यकरण गर्ने योजना वर्षौंदेखि अलपत्र हुँदै आइरहेका छन्,' उनले भने, 'प्रदेश सरकारले अघि सारेको योजना छ वर्षदेखि अलपत्र छन् । प्रदेश सरकारले काम गर्न नसक्ने हो भने प्रक्रिया पूरा गरेर महानगरलाई हस्तान्तरण गरे हुन्छ नि ।'

मुख्यमन्त्री स्वच्छता अभियान कार्यक्रमअन्तर्गत अघि बढाइएको वीरगञ्ज-१२ स्थित मुर्लीपोखरी सौन्दर्यकरणको काम पनि अलपत्र छ । सो पोखरीको ठेक्का पनि प्रेरा-रञ्जन जेभीले १० करोड ४३ लाख १७ हजार रूपैयाँ लागतमा पाएको थियो । अहिलेसम्म पोखरी सौन्दर्यकरणको काम ७५ प्रतिशत सकिएको छ तर बाँकी काम कहिले सम्पन्न हुने कुनै निश्चित छैन ।

मुख्यमन्त्री स्वच्छता अभियानअन्तर्गत पोखरी सौन्दर्यकरण अभियान थालेका तत्कालीन मधेस प्रदेशका मुख्यमन्त्री लालबाबु राउतले सार्वजनिक सम्पत्तिका रूपमा रहेका पोखरीहरूको संरक्षण र प्रवर्द्धन गर्ने उद्देश्यले पर्सा जिल्लामा आधा दर्जन पोखरी सौन्दर्यकरणका योजना अघि सारे पनि अहिले अलपत्र हुँदा आफूलाई दुःख लागेको बताए । 'मुलुक कोभिड संक्रमण महामारीको समयमा बजेट अभावका कारणले दुई वर्षसम्म निरन्तररूपमा बजेट राख्न पनि सकेनौं,' उनले भने, 'एकातर्फ निर्माण कम्पनीले भुक्तानी माग गर्दै अदालतमा जानु र अर्कोतर्फ नयाँ बनेको प्रदेश सरकारले पोखरी सौन्दर्यकरण अभियानको कार्यक्रमलाई बजेट निरन्तरता नदिनाले पनि अभियान अलपत्र बन्न पुग्यो ।'

तत्कालीन मुख्यमन्त्री राउतले पछिल्ला वर्षमा प्रदेश सरकारले बजेट नै विनियोजन नगरेपछि काम अघि बढ्न नसकेको बताए । 'बजेट नै विनियोजन नगरेपछि त काम कसरी हुन्छ ?,' उनले भने, 'कोभिड-१९ को संक्रमण देखापरेपछि नै यहाँको काम ठप्प छ । कि त काम अघि बढाउनुपर्‍यो, कि त ठेक्का तोड्नुपर्ने हुन्छ ।'

त्यस्तै अलपत्र पर्ने अर्को योजनामा परेको छ- छिपरमाई पोखरी सौन्दर्यकरण । सो पोखरी सौन्दर्यकरण गर्नका लागि १० करोड ४४ लाख ६३ हजार रूपैयाँ लागतमा निर्माण थालनी भएको थियो । सो पोखरी निर्माणको ठेक्का पनि प्रेरा/रञ्जन जेभीले नै प्राप्त गरेको थियो । पूर्वाधार विकास कार्यालयका अनुसार सो पोखरीको प्रगति मुस्किलले २५ प्रतिशतमात्रै भएको छ । सो पोखरीको ठेकेदार कम्पनीले दुई करोड १४ लाख ६१ हजार रूपैयाँ रकम बुझिसकेको छ । सौन्दर्यकरणको अभियान भने जहाँको तहीँ छ ।

वीरगञ्ज महानगरपालिका-१५ स्थित लक्ष्मणवा पोखरी सौन्दर्यकरण योजना पनि अलपत्रकै सूचीमा दर्ज हुँदै आइरहेको छ । सो पोखरी निर्माणका लागि २०७७ फागुन १० गते सुनकोशी कन्स्ट्रक्सन नेपाल प्रालिलाई दिइएको थियो । ठेक्का सम्झौताअनुसार सो पोखरीको सौन्दर्यकरणको काम २०८० वैशाख ११ गतेभित्रै सम्पन्न हुनुपर्ने थियो । तर, अहिलेसम्म सो पोखरीको सौन्दर्यकरणको काम भने ७५ प्रतिशतभन्दा अघि बढ्न सकेको छैन । सो पोखरीको निर्माण कम्पनीले हालसम्म एक करोड २८ लाख ३६ हजार रूपैयाँ रकम भुक्तानी लिइसकेको छ ।

सो पोखरी निर्माणका लागि २०७७ फागुन ११ गते तीन करोड छ लाख ३१ हजार रूपैयाँ लागतमा नागार्जुन/हेम/सर्बसक्री जेभीले पाएको थियो । सम्झौताअनुसार सो पोखरी २०८० वैशाख ११ गतेभित्रै निर्माण सम्पन्न हुनुपर्ने थियो । तर, अहिलेसम्म सो पोखरीको प्रगति ३० प्रतिशतमा नै खुम्चिएको छ । तीन वर्षदेखि पोखरी निर्माणमा सिन्को भाँच्ने कामसमेत भएको छैन ।

त्यस्तैगरी, मधेस प्रदेश सरकारले वीरगञ्ज महानगर क्षेत्रभित्रै मूर्लीबगैंचा सौन्दर्यकरणको काम पनि २०७७ फागुन ११ गते विकोइ/किशोर जेभीसँग दुई करोड पाँच लाख ४१ हजार रूपैयाँ लागतमा तीन वर्षभित्रै सम्पन्न गर्ने गरी ठेक्का सम्झौता गर्‍यो । तर, सो पोखरी निर्माणको काम पनि कछुवा गतिमा नै सीमित छ । हालसम्म सो पोखरीको प्रगति २० प्रतिशत भए पनि निर्माण कम्पनीले अहिलेसम्म भुक्तानी पाएका छैनन् । पूर्वाधार विकास कार्यालयका अनुसार पर्साका छ पोखरीमध्ये पाँच पोखरीको निर्माणका लागि हालसम्म १४ करोड ७९ लाख ८६ हजार रूपैयाँ रकम भुक्तानी भइसकेको छ ।

कार्यालय प्रमुख रायले पर्साका पोखरी सौन्दर्यकरण योजनाको म्याद थप नहुनु र बजेट अभाव मुख्य समस्या रहेको बताए । 'मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट पूर्वाधार विकास कार्यालयमा हस्तान्तरण भएदेखि पोखरी सौन्दर्यकरणको योजना अघि बढ्न सकेको छैन,' उनले भने । छ वटै पोखरी सौन्दर्यकरण गर्ने अभियानको फाइल भने २०७९ सालदेखि पूर्वाधार विकास कार्यालय मातहत आएको छ । सोही समयदेखि पोखरी निर्माणको काम पनि अघि बढ्न सकेको छैन । 'पोखरी सौन्दर्यकरणको विवाद विभिन्न निकायमा पुगेकाले पनि काम अघि बढ्न सकिरहेको छैन,' उनले थप भने ।

पोखरी सौन्दर्यकरणको ठेक्का पाएका निर्माण कम्पनीले आफ्नो भुक्तानी पाउनुपर्ने माग राख्दै अदालतमा मुद्दासमेत दायर गरेका छन् । अर्कोतर्फ पोखरी सौन्दर्यकरण गर्ने विषयमा आवश्यक फाइल अख्तियार दुरूपयोग अनुसन्धान आयोगको बर्दिवास कार्यालयले अनुसन्धान भइरहेको बताइएको छ ।

मधेस प्रदेशको भौतिक पूर्वाधार तथा विकास मन्त्रालयका निमित्त सचिव सञ्जयप्रसाद साहले पर्याप्त बजेट अभावले पोखरी सौन्दर्यकरणको अभियान प्रभावकारी ढंगले अघि बढ्न नसकेको बताए । 'मुख्यमन्त्री स्वच्छता अभियानअन्तर्गतका कार्यक्रम विगतमा मुख्यमन्त्री कार्यालय मातहत अघि बढाइएको थियो । *रासस*

# फल्याक र धार्काजुङमा जलवायु परिवर्तनको असर

**मुस्ताङ–** वारागुङ मुक्तिक्षेत्र-५ को फल्याक, धार्काजुङ र पाक्लिङ गाउँलाई कृषिको प्रसिद्ध हबका रूपमा लिने गरिन्छ । यहाँका पालिकामा १९ गाउँमध्ये सबैभन्दा धेरै स्याउ र पर्याप्त मात्रामा अन्नबाली उत्पादन हुने ठाउँ हो । यहाँका उर्वरभूमिमा किसानले स्याउ, उवा, फापर, आलु, बोडी, मकै, जौंलगायत हरियो ताजा सागसब्जी उत्पादन गरेर गतिलो आम्दानी गर्दथे ।

तर, यतिबेला यी दुई गाउँका किसानलाई सिँचाइको समस्या भएको छ । जलवायु परिवर्तनका कारण जमिनको तापमान वृद्धि र अनुकूल समयमा हिउँ नपर्दा सिँचाइको मुहान विस्तारै सुक्दै जान थालेपछि वारागुङ मुक्तिक्षत्र-५ अन्तर्गत धार्काजुङ र फल्याकका किसान चिन्तित देखिएका छन् ।

वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाका अध्यक्ष रिङजिननाम्गेल गुरुङले पछिल्लो दुई वर्ष मुस्ताङमा हिउँ नपर्दा सिँचाइ मुहान सुक्दै गएकाले यहाँ समस्या भएको बताए । बर्सेनि अनुकूल समयमा हिउँ नपरेसम्म यहाँको सिँचाइ समस्या झन्झन् बढ्दै जाने भएकाले किसानका लागि यो चिन्ताको विषय बनेको छ ।

'अकासे वर्षाले सिँचाइको समस्या टर्दैन, पर्याप्त सिँचाइका लागि अनुकूल समय पर्याप्त हिउँ पर्नुपर्ने हुन्छ,' अध्यक्ष गुरुङले भने, 'विस्तारै मुहान सुक्दै गएकाले खेतीयोग्य जमिनमा सिँचाइ अभाव देखियो ।'

अध्यक्ष गुरुङले जलवायु परिवर्तनको असरले यहाँको कृषि प्रणालीमा देखिएका चुनौती समाधान गर्न नयाँ सिँचाइका मुहान पहिचान गर्नुपर्ने अवस्था आएको बताए । जलवायु परिवर्तनका कारण यहाँको पानीको स्रोत घट्दै गइरहेकाले विगतमा सतप्रतिशत खेतीयोग्य जमिनमा सिँचाइ हुने गरेकामा अहिले १० प्रतिशत खेतीयोग्य जमिनमा सिँचाइ गर्न धौधौ भइसकेको उनले बताए ।

वारागुङ मुक्तिक्षेत्र-५ का वडाध्यक्ष सुरेन्द्र गुरुङले बर्सेनि असार, साउन र भदौमा उच्च हुने यहाँको लुम्बुक खोलाको पानी सुक्दै जान थालेको बताए । फल्याक र धार्काजुङ गाउँमा १०० घरपरिवारले कृषि पेसा अगालेका छन् । 'जीविकोपार्जनको माध्यम भनेकै कृषि हो, कृषिका लागि सिँचाइ नभई हुँदैन, किसानले खेतीपाती गरेको व्यर्थ हुने भयो,' वडाध्यक्ष गुरुङले भने ।

फल्याक र धार्काजुङका किसान, गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष र वडाध्यक्षहरूको टोलीले शनिबार त्यहाँका लुम्बुक खोलाको मुहानको अवलोकन गरेको छ । लुम्बुक झरना नजिक तीनवटा मुहानको पानीको स्रोत घट्दै गइरहेको वारागुङ मुक्तिक्षेत्रकी उपाध्यक्ष डिकी गुरुङले जानकारी दिइन् । उनले मुस्ताङमा लगातार तीन वर्षसम्म हिउँ पर्न नसकेकाले यहाँको लुम्बुक खोलाको पानीको स्रोत विगतको भन्दा दुईतिहाइले सुक्दै गइरहेको उल्लेख गरिन् ।

लुम्बुक खोलामा आंशिक पानीको स्रोत देखिए पनि त्यहाँको पानी जमिनमुनिबाट बग्न थालेपछि फल्याक र धार्काजुङमा सिँचाइ समस्या देखिएको छ । सिँचाइको स्रोत सुक्दै गए केही वर्षभित्र यहाँको बस्ती विस्थापित हुने जोखिम छ । फल्याक र धार्काजुङ गाउँमा एक किसानले २५-३० वटा खेतमा सिँचाइ गर्ने गरेकामा पछिल्लो समय चार-पाँचवटा खेतमा पनि सिँचाइ उपलब्ध गराउन धौधौ भइरहेको छ । हिउँदयाममा पर्याप्त हिउँ परेमा त्यही हिउँ पग्लिएर लम्बुक खोलाको पानीको सतह पनि ठूलो हुने स्थानीय बताउँछन् । मुहान स्रोतको अग्ला विशाल पहाड हिउँविहीन भएपछि यहाँ सिँचाइको समस्या र चुनौती थपिएको हो । *रासस*


**कुवेतमा रोजगार** कम्पनी : COCO NAILS BEAUTY SALON COMPANY FOR LADIES

पूर्व स्वीकृति मिति : २०८१/०१२/०९ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०४/०४ | LT. No. 320917 | चलानी नं. ६०२३५०४८

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | KD | ने.रू. | | | | | | | |
| 1 | Beautician/Hairdresser/Manicurist Pedicurist/Beauty Therapist | 0 | 7 | 150 | ६७,५६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन १२ गते (28th July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Omega International Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075



**युएइमा रोजगार** कम्पनी : BLUE DIAMONDS LADIES SALON - L.L.C - S.P.C

पूर्व स्वीकृति मिति : २०८२/०४/०४ | LT. No. 327389 | चलानी नं. ६०२४११८९

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | AED | ने.रू. | | | | | | | |
| 1 | HENNA APPLICATOR | 0 | 1 | 1500 | ५६,२२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन १२ गते (28th July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt.Lic. No 1726/081/082
S.N.K. FACILITIES MANAGEMENT PVT. LTD.
Bafal-13, Kathmandu, Nepal, T: 01-5922923
Mob: 9860603888, 9851049837, Email:- snkhrc@gmail.com, Web: www.snkmanpower.com


## वन्यजन्तु जोगाउन संरक्षण पाठशाला सञ्चालन

**चितवन (प्रस)–** चितवनमा वन्यजन्तु, बासस्थान संरक्षण र प्रदूषण नियन्त्रणसम्बन्धी सचेतना कक्षा सञ्चालन गरिएको छ । शनिबार भरतपुर महानगरपालिका-२२ को पटलहरामा संरक्षण पाठशाला कार्यक्रम गरिएको हो। सो कार्यक्रममा विद्यार्थी तहका बालबालिकालाई सहभागी गराइएको छ ।

पाठशालामा वन्यजन्तुको जानकारी, बासस्थान, आहारा, जीवन र आनीबानीबारेमा बालबालिकालाई प्रशिक्षण दिइएको छ । बढ्दो प्रदूषणले गर्दा वन्यजन्तु, जलचर, नदीमाथि भइरहेको असरबारे सिकाइएको संरक्षणकर्मी अपिल घिमिरेले जानकारी दिए । सानो उमेर समूहदेखि संरक्षण सिकाइले जैविक विविधताको रक्षा, मानव वन्यजन्तुको सहअस्तित्वबारे बालबालिकालाई सकारात्मक र जिम्मेवार बनाउने उद्देश्यले कार्यक्रम आयोजना गरिएको हो ।

**लम्कीचुहा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
भल्का, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

**सुदूरपश्चिम प्रदेश, नेपाल आन्तरिक आयको ठेक्का सूचना**

सूचना प्रकाशित मिति: (२०८२/०४/०५)

लम्कीचुहा नगरपालिकाले देहाय बमोजिमका आन्तरिक आयका ठेक्का बोलपत्रका माध्यमबाट गराउनु पर्ने भएको हुँदा देहाय बमोजिमको ठेक्काको लागि मिति २०८२/०४/०५ गतेका दिन सबै योग्य बोलपत्रदाताहरूको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको विद्युतिय पोर्टल www.bolpatra.gov.np मार्फत बोलपत्र आह्वानको सूचना गरिएको छ । बोलपत्र पेश गर्ने अन्तिम मिति २०८२/०४/२० गते दिनको १२ बजेसम्म र बोलपत्र खोल्ने मिति २०८२/०४/२० गते दिनको २ बजे कायम गरिएको छ । बोलपत्र पेश अनिवार्य रूपमा विद्युतिय माध्यमबाट मात्र गर्नु पर्नेछ ।

**तपशिल:**

| क्र. स. | आन्तरिक आय ठेक्का नं | आन्तरिक आयको नाम | न्युनतम ठेक्का अंक (मु.अ कर बाहेक) | बिड सुरक्षण वापतको रकम | बोलपत्र दस्तूर | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | 01/LCM/SQ/2082/083 | लम्की बसपार्कमा सवारी साधनको पार्किङ/प्रवेश शुल्क संकलन गर्ने कार्य | १०,००,००० (दश लाख मात्र) | कबोल अंकको ५ प्रतिशत भ्याट सहित | १०००।- | |
| २. | 02/LCM/SQ/2082/083 | कवाडी सामानको निकासी शुल्क ठेक्का कार्य | १०,००,००० (दश लाख मात्र) | कबोल अंकको ५ प्रतिशत भ्याट सहित | १०००।- | |

बिस्तृत जानकारीको लागि www.bolpatra.gov.np हेर्न हुन वा यस कार्यालयमा सम्पर्क गर्न हुन अनुरोध छ ।

**नि. प्रमुख प्रशासकीय अधिकृत**

**खनियाबास गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
दार्खा, धादिङ
बागमती प्रदेश, नेपाल

**मौजुदा सूचीमा दर्ता हुनका लागि निवेदन पेश गर्ने सम्बन्धि सूचना ।।।**

(प्रकाशित मिति : २०८२/०४/०५)

आर्थिक वर्ष २०८२/०८३ मा यस कार्यालयको लागि आवश्यक पर्ने सामानहरु आपूर्ति गर्न, विभिन्न निर्माण कार्य गर्न, बिबिध परामर्श सेवा दिन तथा अन्य सेवा प्रदान गर्न सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ (क) बमोजिम मौजुदा सुचिमा दर्ता हुन वा अध्यावधिक हुन चाहने कालोसूचीमा नपरेको व्यक्ति, आपूर्तिकर्ता, निर्माण ब्यबसायी, परामर्शदाता वा सेवा प्रदायकहरुले तपसिलका कागजातहरुको प्रतिलिपि र सार्वजनिक खरिद ऐन, २०६३ को दफा १० को उपदफा (२) बमोजिमको योग्यताको कागजातहरु समेत संलग्न गरि आफुले गर्ने कामको विवरण छुट्टाछुट्टै खुलाई यस कार्यालयमा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ को उपनियम (१) संग सम्बन्धित अनुसूची २ (क) बमोजिमको ढांचामा निवेदन दिनु हुन जानकारी गराइन्छ ।

**तपसिलः**

- संस्था वा फर्म दर्ताको प्रमाणपत्र
- स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्र
- आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाणपत्र
- प्रचलित कानुन बमोजिम अयोग्य नभएको वा कालोसूचीमा नपरेको व्यहोरा खुलाइएको स्व-घोषणा पत्र
- व्यवसायिक इजाजतपत्र
- खनियाबास आर्थिक ऐन, २०८२ मा तोकिए बमोजिम शुल्क

**नोटः कम्पनि, फर्म वा संस्थालाई सुचिकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ ।**

**प्रमुख प्रशासकीय अधिकृत**

प्रभाव दैनिक




## ओकिलीको ‘स्वर्ग मेरो’ सार्वजनिक

‘मेरी ओकिली..’, ‘झ्यालबाट हेर..’ गीतबाट परिचय बनाएका गायक अनिस सापकोटा ‘ओकिली’ले नयाँ गीत ‘स्वर्ग मेरो’ सार्वजनिक गरेका छन् । गीतमा उनी आफैंले शब्द, संगीत र स्वर दिएका छन् । प्रेम गीत तयार गर्ने इच्छा यसपटक पूरा भएको उनले बताए । यो गीतले प्रेमको काल्पनिक संसार वर्णन गरेको उनको भनाइ छ ।



सोमबार, ०५ साउन, २०८२ (Monday, July 21, 2025)

# ‘कला, साहित्य, प्रकृति र संस्कृतिको प्रवर्द्धन गर्नु साझा दायित्व हो’

■ प्रभाव संवाददाता



**गण्डकी–** गण्डकी प्रदेशका प्रमुख डिल्लीराज भट्टले कला, साहित्य, प्रकृति र संस्कृतिको संरक्षण एवम् प्रवर्द्धन गर्नु हामी सबैको साझा दायित्व भएको बताएका छन् ।

पोखरा थियटरद्वारा नेपाली साहित्यका वरिष्ठ स्रष्टा, कवि तथा संस्कृतिकर्मी तीर्थ श्रेष्ठको सम्मानमा शनिबार आयोजित विशेष काव्य-सांस्कृतिक कार्यक्रम ‘हिउँमा नलेखिएका तीर्थ-पाँच आयामका साथ’ को उद्घाटन गर्दै उनले हाम्रा मौलिक तथा रैथाने संस्कृति, कला-साहित्य, रीतिरिवाज हाम्रा अमूल्य सम्पदा भएको बताए ।

गण्डकी प्रदेश कला, साहित्य, संगीत र लोकसंस्कृतिमा सम्पन्न रहेको उल्लेख गर्दै प्रदेश प्रमुख भट्टले भने, ‘आदिकवि भानुभक्त आचार्य, कवि शिरोमणि लेखनाथ पौडयाल, जनकविकेशरी धर्मराज थापा, लोककवि अलिमियाँ, लोकसंगीतका शिखर व्यक्तित्व झलकमान गन्धर्वदेखि हालका सरुभक्त, तीर्थ श्रेष्ठ, हरिदेवी कोइरालालगायतको भूमि गण्डक क्षेत्र हो ।’

यस भेगमा सिर्जित अपार सांस्कृतिक ज्ञानपरम्परा र वैभवले यस क्षेत्रको चेतनालाई सदैव उँचो राख्दै आएको बताउँदै उनले यस भूमिलाई जीवन्त र सांस्कृतिक दृष्टिले समृद्ध बनाउने अभियानमा संस्थागत तथा व्यक्तिगततर्फबाट विभिन्न प्रयास भएका बताए ।


गण्डकीको राजधानी पोखरा सहरलाई कला र संस्कृतिको मञ्च बनाउन पोखरा थियटरले निरन्तर कर्म गरिरहेकामा उनले खुसी व्यक्त गरे । यहाँ नाटक, संगीत, नृत्य, कवि गोष्ठीलगायत विभिन्न सांस्कृतिक गतिविधिहरू सञ्चालन हुँदै आएकाले पोखरामा सांस्कृतिक उत्सवहरूको वातावरण निर्माणमा यहाँका कलाकारहरूको सिर्जनात्मकता र व्यावसायिकता विकास गर्न यसले महत्त्वपूर्ण भूमिका खेलेको उनको भनाइ छ ।

कवि एवं साहित्यकार तीर्थ श्रेष्ठमा समर्पण गरी उनकै सम्मुख ‘हिउँमा नलेखिएका तीर्थ-पाँच आयामका साथ’ आयोजित यस कार्यक्रमले स्रष्टालाई हौसला प्रदानसँगै सबै कलाकार तथा सर्जकलाई सम्मान अर्पण गरेको भट्टले उल्लेख गरे ।

पोखरा थियटरका प्रमुख कार्यकारी अधिकृत मोतिबहादुर कार्की (परिवर्तन)को अध्यक्षतामा भएको कार्यक्रममा कवि तीर्थ श्रेष्ठका कविता, गजल, मुक्तक, गीत र नाटक गरी पाँच विधामा उनका सिर्जनाहरू वाचन तथा मञ्चन गरिएको थियो ।

# साहित्यकार मल्लको उपन्यास ‘निर्गम’ लोकार्पण

**काठमाडौं (प्रस)–** साहित्यकार गोकर्ण मल्लको उपन्यास ‘निर्गम’ लोकार्पण भएको छ । रत्ननगर वाङ्मय प्रतिष्ठानले प्रकाशन गरेको उक्त उपन्यायको शनिबार यहाँ आयोजित कार्यक्रममा प्रा.डा. गोविन्दराज भट्टराई र प्रा.डा. कुमारप्रसाद कोइरालालगायत साहित्यकारले संयुक्तरूपमा लोकार्पण गरे ।




शिक्षा, उमेर, परिश्रम गर्ने क्षमता, आर्थिक अवस्था बलियो हुँदाहुँदै मजदुर, विद्यार्थी, कर्मचारी, उद्योगपतिका नाममा नेपाली युवामा विदेशप्रतिको मोह तथा त्यसका लागि सरकारले ऋणलगायतका सुविधा उपलब्ध गराएर प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा पुऱ्याइएको सहयोगलाई उपन्यासमा मूल रूपमा प्रस्तुत गरिएको छ । लामो समय शिक्षणमा संलग्न साहित्यकार मल्लको यो तेस्रो सिर्जना हो ।

त्यस अवसरमा प्रा.डा. भट्टराईले ‘निर्गम’ वर्तमान यथार्थको हृदयहारी अभिलेखन भएको टिप्पणी गरे । प्रा.डा. कोइरालाले कृतिमाथि समीक्षा गरे भने साहित्यकारहरू अनिता कोइराला, अनिता पन्थी, लक्ष्मण वियोगी, शरद् प्रधानले टिप्पणी गरे ।

कूल १७२ पृष्ठको उक्त उपन्यासमा ३४ वटा अध्याय छन् । शून्यबाट सुरु हुने जीवन ३२ लक्षणले पूर्ण भए पनि आखिर पुनः शून्यमै अन्त्य हुन्छ भन्ने वास्तविकता प्रस्तुत छ । बजार मूल्य ३७५ रूपैयाँ निर्धारण गरिएको उपन्यासको पहिलो संस्करणमा ५०१ प्रति छापिएका जनाइएको छ ।

# लिम्बू भाषाको गीत ‘ए फुङ..’ भिडियोमा




**काठमाडौं (प्रस)–** चलचित्र निर्देशक किशोर सुब्बाको निर्देशनमा बनेको लिम्बू भाषाको गीत ‘ए फुङ..’ को म्युजिक भिडियो सार्वजनिक गरिएको छ ।

युटचुबमा सार्वजनिक उक्त गीतमा विवस बेनामको शब्द, मनि चाम्लिङको संगीत तथा मनि र दीपा सुहाङको स्वर रहेको छ । सुमन थाम्सुहाङ र नविना सम्वाहाम्फेको मुख्य भूमिका रहेको भिडियोमा विजेता लिम्बू, सोनिया लाबुङ, निरा नेम्बाङलगायतको अभिनय देख्न सकिन्छ ।

अमेरिकाका विभिन्न रमणीय स्थानमा छायांकन गरिएको भिडियो सम्राट कार्कीले छयांकन गरेका हुन् । भिडियोको सम्पादन मन्दिल श्रेष्ठ, कलरिङ विनय कंशाकारको रहेको छ ।

## रंगशाला

# हिमालयन १०० एक्स टु ब्लिट्ज चेस प्रतियोगिता सम्पन्न

■ प्रभाव संवाददाता

**काठमाडौं–** ‘राजेन्द्र केसी स्मृति हिमालयन १०० एक्स टु ब्लिट्ज चेस प्रतियोगिता’ सम्पन्न भएको छ । हिमालयन चेस एकेडेमीको आयोजनामा त्रिपुरेश्वरस्थित वोगनभिल्ला हलमा प्रतियोगिता आयोजना गरिएको हो ।




एकदिने प्रतियोगितामा २४७ खेलाडी सहभागी भएका थिए । जुन नेपाली ब्लिट्ज चेस इतिहासकै सबैभन्दा ठूलो सहभागिता भएको आयोजकको दाबी छ ।

एकेडेमीकी अध्यक्ष मोनालिसा खम्बुका अनुसार गत वर्ष फिडे स्थापनाको १०० वर्ष पुगेको अवसरमा आयोजित पहिलो संस्करण ‘हिमालयन १००’ गिनिज वर्ल्ड रेकर्डमा सूचीकृत भइसकेको छ । यसपटक त्यही अभियानको दोस्रो संस्करण ‘राजेन्द्र केसी स्मृति हिमालयन १०० एक्स टु’ को रूपमा आयोजना गरिएको उनले बताइन् ।

प्रतियोगिताको खुलातर्फ फिडेमास्टर (एफएम) क्षितिज भण्डारीले सिएम पुरुषोत्तम सिलवाललाई पछि पार्दै १० हजार रूपैयाँ पुरस्कार जिते । उनले ९.५ अंक जोडे । यस्तै, दोस्रो भएका सिलवालले नौ अंकसहित सात हजार रूपैयाँ प्राप्त गरे । ८.५ अंक जोडेका मुकुन्द नापित तेस्रो हुँदै पाँच हजार रूपैयाँ प्राप्त गरे ।

शीर्ष १० स्थान सन्तोष श्रेष्ठ, रूपेश जैसवाल, प्रेमकृष्ण अधिकारी, रिसन थापा, सुरोज महर्जन, प्रेम खड्का र पुरुषोत्तम चौधरी रहे । उनीहरूले सबैले जनही एक हजार रूपैयाँ प्राप्त गरे ।

कूल १९ विधामा आयोजित प्रतियोगितामा छ वर्षदेखि ८४ वर्षसम्मका खेलाडी सहभागी थिए । कूल ६७ हजार रूपैयाँ पुरस्कार रहेको प्रतियोगितामा नायुमा मगर, निहाना श्रेष्ठ, प्रज्ञा पन्त, सात्विकमान तुलाधर, प्रवीर केसी, सीताराम अग्रवाललगायत ३२ खेलाडीले पुरस्कार प्राप्त गरे ।

# तेस्रो ताप्लेजुङ गोल्डकपमा आठ टोली सहभागी हुने

■ प्रभाव संवाददाता

**ताप्लेजुङ–** यही साउन २४ गतेदेखि ताप्लेजुङमा हुने अन्तर र्‍ाष्ट्रिय आमन्त्रण तेस्रो ताप्लेजुङ गोल्डकप फुटबल प्रतियोगितामा सहभागी हुने आठ टोलीको टुंगो लागेको छ । आयोजक लाखेजात्रा सञ्चालन समितिले आइतबार पत्रकार सम्मेलनमार्फत प्रतियोगितामा सहभागी हुने टोलीबारे जानकारी दिएको हो ।

आयोजक समितिका अनुसार यस वर्ष सिरिजंघा गाउँपालिकास्थित तेल्लोक स्पोर्टिङ क्लबले आयोजकका तर्फबाट सहभागिता जनाउने छ । प्रतियोगितामा चर्च ब्वाइज काठमाडौं, सहारा क्लब पोखरा, रेडस्टार फुटबल क्लब झापा, द योङ ब्रदर्स क्लब इटहरी, सलहेस युवा क्लब सिराहा, फिदिम स्पोर्टिङ क्लब पाँचथर र आमन्त्रित फुटबल टोलीका रूपमा भारतको सिलगुढीस्थित ‘लेजण्ड’ फुटबल एकेडेमी सहभागी हुने निश्चित भएको समितिका अध्यक्ष सागर मादेनले जानकारी दिए ।

प्रतियोगिता विजेताले सात लाख दुई हजार रूपैयाँ र उपविजेताले तीन लाख ५० हजार रूपैयाँ पुरस्कार पाउने छन् । विधागततर्फ सर्वोत्कृष्ट खेलाडीलाई २० हजार रूपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र प्रदान गरिने आयोजक समितिका कोषाध्यक्ष दावा शेर्पाले जानकारी दिए । उनका अनुसार सर्वाधिक गोलकर्ता, उत्कृष्ट फरवार्ड, नव उदीयमान खेलाडी, उत्कृष्ट गोलकिपर, उत्कृष्ट डिफेन्स, उत्कृष्ट मिडफिल्डर र उत्कृष्ट कोचलाई जनही १५ हजार रूपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र प्रदान गरिने छ ।


**साउदीमा रोजगार** कम्पनी : AL QASR GLASS COMPAN

पूर्व स्वीकृति मिति : २०८०/१०/०१ पुन: विज्ञापन स्वीकृति मिति : २०८२/04/08 LT. No. 298057 चलानी नं. ६०२१३०१२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | HEAVY TRUCK DRIVER | 4 | 1 | 1800 | ६६,०६६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Loading and Unloading Labor | 2 | 1 | 1000 | ३६,७०४ | | | | | | | |
| 3. | Manufacturing labour | 23 | 1 | 1000 | ३६,७०४ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन १२ गते (28th July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
